नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## इभी दुर्घटनामा तीनको मृत्यु

**मधेशदृष्टि**
**धादिङ ।**
धादिङबाट पोखरा जाँदै गरेको ग१ज ८६३० नम्बरको विद्युतीय माइक्रोबस बुधबार दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । पोखरा महानगरपालिका–३२ मा दुर्घटना हुँदा दुई महिला र एक पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए । मृतकमध्ये पोखरा महानगरपालिका–२५ हेम्जाका झाङमाया गुरुङको सनाखत भएको छभने दुई जना पुरुषको सनाखत हुन बाँकी छ । दुर्घटनामा घाइते आठ जनाको गण्डकी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । हावाहुरीसहित पानी परिरहेको अवस्थामा दुर्घटना भएको थियो । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक बस्नेतले बताए ।

● वर्ष ३ ● अंक १८१ ● २०८२ साल जेष्ठ ०१ गते बिहीबार ● Thursday 15, May 2025 ● सूर्योदय: बिहान ५:१७ बजे ● सूर्यास्त: साँझ ६:४६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशमा सबैभन्दा बढी बेरुजु

# मधेशका १८ पालिका लेखापरीक्षणविहीन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्थानीय सरकार सञ्चालन ऐन उल्लङ्घन गर्दै देशभरका ३ सय २७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगरेको सार्वजनिक महालेखा परीक्षकको ६२औँ वार्षिक प्रतिवेदनमा उल्लेख छ । बुधबार सार्वजनिक प्रतिवेदनअनुसार अघिल्लो वर्ष ३ सय ७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराउँदा यो वर्ष त्यो संख्या बढेर ३ सय २७ पुगेको छ । यो ९४.३ प्रतिशत स्थानीय तहहरूमा लेखापरीक्षणको अवस्था कमजोर रहेको संकेत हो ।

महालेखापरीक्षकको कार्यालयले यस्तो अवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ को उल्लङ्घन भएको बताउँदै यथाशीघ्र आन्तरिक लेखापरीक्षण गराउन सिफारिस गरेको छ । ऐनअनुसार स्थानीय तहहरूले आफ्ना सबै आर्थिक क्रियाकलापको स्वतन्त्र, निष्पक्ष र व्यवस्थित लेखापरीक्षण गराउनुपर्ने कानूनी दायित्व हुन्छ । प्रतिवेदनले स्थानीय तहले संघीय र प्रदेश सरकारबाट निकासा प्राप्त गरेको ३६ करोड ११ लाख रुपैयाँ आय विवरणमा समावेश नगरेको भनेको छ । यसले राजस्व पारदर्शिता र वित्तीय जवाफदेहितामा प्रश्न उठाएको छ । महालेखा कार्यालयले यस समस्यालाई समाधान गर्न एकीकृत वित्तीय विवरण तयार पार्न निर्देशन दिएको छ ।

यसले स्थानीय तहको समग्र आर्थिक व्यवहारलाई पारदर्शी र उत्तरदायी बनाउन सघाउनेछ । प्रतिवेदनमा अर्को गम्भीर अनियमितताको रूपमा १ सय १६ स्थानीय तहले ४ अर्ब १० करोड ७४ लाख रुपैयाँ बजेट रकमान्तर गरेर खर्च गरेको उल्लेख गरिएको छ । हालको ऐनले पुँजीगत शीर्षकमा अधिकतम २५ प्रतिशत मात्रै रकमान्तर गर्न मिल्ने व्यवस्था गरेको छ । तर, प्रतिवेदन अनुसार धेरै स्थानीय तहले यो सीमा नाघेर मनपरी ढंगले रकम स्थानान्तरण र खर्च गरेका छन् । यसले वित्तीय अनुशासनमा गम्भीर लापरबाही भएको प्रमाणित गर्छ ।

**मधेश प्रदेशमा बढी बेरुजु**

प्रतिवेदनले प्रदेशस्तरीय लेखापरीक्षणको तुलनात्मक विश्लेषण पनि सार्वजनिक गरेको छ । मधेश प्रदेशमा लेखापरीक्षण गरिएको रकमको २.५७ प्रतिशत बेरुजु देखिएको छ । यो सबै प्रदेशमध्ये सर्वाधिक हो । लेखापरीक्षणको तुलनामा औसत १.२६ प्रतिशत बेरुजु कायम भएको छ । बागमती प्रदेशमा भने सबैभन्दा कम शून्य दशमलव ८२ प्रतिशत मात्र बेरुजु देखिएको छ । यसले यस प्रदेशको वित्तीय अनुशासन तुलनात्मक रूपमा मजबुत रहेको संकेत गर्छ । महालेखा परीक्षकको प्रतिवेदनले स्थानीय तहमा आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिताको अभाव अझै पनि चुनौतीकै रूपमा रहेको देखाएको छ । आन्तरिक लेखापरीक्षण नगर्ने, निकासा रकम विवरणमा नदेखाउने, मनपरी रकमान्तर गर्नेजस्ता कार्यले सार्वजनिक वित्त प्रणालीमा गम्भीर असर पार्नसक्ने ठहर गरिएको छ । त्यसैले महालेखा कार्यालयले तत्काल सुधारात्मक कदम चाल्न स्थानीय तहलाई निर्देशन दिँदै सकारात्मक संस्थागत सुधार र नियमनको प्रभावकारी संयन्त्र निर्माण गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

**घटेन रकमान्तर**

मधेश सरकारले २०८१ असारमा १० करोड २ लाख ५३ हजार रुपैयाँ रकमान्तर गरेको छ । जबकि अघिल्लो वर्ष जसपा नेपाल सरकारका अर्थमन्त्री सञ्जय यादवले रकमान्तर गरेको भनेर प्रदेश सभामा सबैले हंगामा गरे । छानबिन समिति बनाए । छानबिन समिति माग गर्ने र समिति बनाउनेहरु नै अहिले मधेश प्रदे सरकामा छन् । उनीहरुले नै निर्लज्ज भएर असारमा रकमान्तर गरेका छन् । अर्बमा रकमान्तर भएको विरोध गर्नेहरुले लाज पचाएर करोड पनि रकमान्तर गरेर सुशासनको खिल्ली उडाएका छन् । त्यसमा मधेशमा फरक गर्छु भन्ने जनमत र साथ दिने एमाले र कांग्रेस छन् ।

**अरु कस्तो छ तथ्यांक ?**

मधेश प्रदेशका १३ निकायले ६ लाख २४ हजार अग्रिम कर कट्टी नगरेको पाइएको छ । यो असुल गर्न भनिएको छ । यस्तै, मधेशमा २४ अर्ब ५४ करोड ४९ लाख ३० हजार खर्च भएको छ । मधेशको १७ करोड ५४ लाख ६५ हजार विभाज्य कोषको रकम बाँडफाँड भएको छैन । यो सवारी साधनबापतको रकम हो । ६० प्रतिशत प्रदेश सञ्चित कोष र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा पठाउनु पर्नेमा पठाइएको छ ।

मधेशका एउटा कार्यालयको लेखापरीक्षण भएको छैन । ९१ प्रतिशत राजस्व प्राप्ति भएको छ । संविधानतः प्रदेशमा ७ वटा मन्त्रालय हुनु पर्नेमा ३ पटक संशोधन गरेर १३ वटा मन्त्रालय बनाइएको छ ।

**कर्मचारी आउनै मान्दैनन्**

मधेशमा १६ निकायमा ४ हजार १ सय १ कर्मचारीको दरबन्दी छ । तर जम्मा १ हजार ६ सय ५९ कर्मचारी छन् र २ हजार ४ सय ४२ कर्मचारी छैनन्, यो ७ प्रदेशमै कर्मचारी अभावको प्रदेशमा एक नम्बरमा परेको छ । सुगम भए पनि मधेशमा कर्मचारी आउन मानिरहेका छैनन् । यस्तै, १५ निकायको वित्तीय प्रतिवेदन नै छैन ।

यति मात्र होइन, तलब प्रतिवेदन विना मधेशमा १ सय ५९ कार्यालयले तलब बाँडेका छन् । १ अर्ब ५६ करोड ३५ लाख ३३ हजार रुपैयाँ तलब प्रतिवेदनविना बाँडेर सुशासनको खिल्ली उडाइएको छ । यो वर्ष २ अर्ब ८२ करोड २४ लाख ८८ हजार रुपैयाँ पेश्की बढेको देखिएको छ ।

**२० मा १८ मधेशका पालिका**

महालेखाको कार्यालयले उल्लेख गरे अनुसार २० स्थानीय तहले २३ वर्षको लेखापरीक्षण गरेका छैनन् । तिनमा १८ पालिकाका त मधेशमा मात्र छन् । सप्तरीको विष्णुपुर गाउँपालिका, धनुषाको कमला नगरपालिका, धनौजी गाउँपालिकाको आर्थिक वर्ष २०७९–७९ को लेखापरीक्षण गराएका छैनन् ।

यस्तै, धनुषाकै औरही गाउँपालिकाको २०७७ को, जनकपुरधाम उपमहानगरपालिकाको २०७५ को, सर्लाहीको ब्रम्हपुरी गाउँपालिकाको २०७७ को लेखापरीक्षण बाँकी छ । यस्तै, सर्लाहीकै बलराको २०७४–७५ र २०७७–७८ को लेखापरीक्षण बाँकी छ । कबिलासी गाउँपालिकाको २०७५–७६ को बाँकी छ । बसबरिया गाउँपालिकाको २०७५–७६ को लेखापरीक्षण छैन । महोत्तरीका रामगोपालपुर गाउँपालिका, गौशाला नगरपालिका, लोहरपट्टी नगरपालिका र पिपरा गाउँपालिकाको २०७३–७४ को लेखापरीक्षण छैन ।

यस्तै, सम्सी गाउँपालिकाको २०७३, ७४, ७७ को लेखापरीक्षण छैन । यस्तै, रौतहटको कटहरिया नगरपालिका र गढीमाइ नगरपालिकाको २०७६–७७ को लेखापरीक्षण छैन भने पर्साको धोबिनी गाउँपालिकाको २०७७ को र पकहामैनपुर गाउँपालिकाको २०७६ को लेखापरीक्षण छैन ।

२० स्थानीय तहको २३ वर्षको लेखा परीक्षण नहुँदा १८ वटा मधेशका मात्र छन् । कर्णाली प्रदेशको हुम्लाको चंखेली गाउँपालिकाको २०७९ को र बागमतीको रामेछापको लिखु तामाकोशी गाउँपालिकाको २०७५ को लेखापरीक्षण छैन ।

## पूर्वेको निर्माण महासंकल्प महाअभियान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जानकी मन्दिर प्रांगणमा ऐतिहासिक महासंकल्प सार्वजनिक गरिएको छ । 'निर्माण महासंकल्प महाअभियान' अन्तर्गत सीता–रामको दिव्य धरोहर विश्वभर चिनाउने गुरुयोजना सार्वजनिक गरिएको हो ।

अनुसन्धानकर्ता तथा अभियान्ता दिनेश पूर्वेको अगुवाइमा प्रस्तुत गरिएको अभियानअन्तर्गत, जानकी मन्दिर निर्माणकर्ता वृषभानु कुमारीको स्मारक निर्माण एक–एक मुठी अन्नबाट संकलित रकममार्फत गरिने बताइएको छ । यस्तै, विश्वमैत्री विवाहमण्डप, स्टेचु अफ मेरिज सीताराम, स्वयम्वर रामायणशाला, जनक दरबार, पुष्पवाटिका, महाधनुष फल्स, गंगा माता पूर्वाधार, जय सीताराम भ्यू टावर, ग्रेट फ्लावर सर्किट (१ सय ८ किमी) लगायतका दिव्य, भव्य र अद्भूत पूर्वाधार निर्माण गरिनेछ ।

योजनाका अन्य महत्वपूर्ण पक्षमा अष्टावक्र अन्तर्राष्ट्रिय बौद्धिक सम्मेलन केन्द्र, प्राचीन राष्ट्रिय सांस्कृतिक केन्द्र, लवकुश अन्तर्राष्ट्रिय फन पार्क, सीताराम अन्तर्राष्ट्रिय हेल्थ इन्स्टिच्युट, सीताराम अन्तर्राष्ट्रिय एयरपोर्ट (निजगढ) र जनकपुर–अयोध्या बुलेट ट्रेन एक्सप्रेस जस्ता महत्वाकांक्षी प्रस्ताव पनि छन् । अभियानअन्तरगत वीर राम नारायण स्मृति भवन तथा जचुकाली उद्योग म्युजियम पनि निर्माण गरिनेछ ।

जनकपुरधाममा अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशाला बनाउने सपना देखेका पूर्वेले सपनाले मूर्तता पाउने भएपछि जनकपुरधामलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउनेमा केन्द्रित भएको छ । उनको ऐतिहासिक निर्णयले जनकपुरधामलाई धार्मिक, सांस्कृतिक तथा पर्यटनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा स्थापित गर्ने विश्वास लिइएको छ ।

## 'सन्तुलित होइन, लक्षित बजेट बनाऔँ'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधि सभाका सांसद डा. सिके राउतले आगामी बजेट सन्तुलित नभई लक्षित हुनुपर्नेमा जोड दिएका छन् । बुधबारको संसद बैठकमा उनले हालसम्मको बजेट विनियोजन प्रणाली सबै क्षेत्रमा थोरैथोरै रकम छर्ने 'कनिका शैली'को भएको उल्लेख गरे ।

राउतले भने, 'कनिका छरेजस्तो बजेट छर्ने परिपाटीले कुनै पनि क्षेत्रमा प्रभावकारी परिवर्तन ल्याउन सक्दैन । अब हामीले शिक्षा, पूर्वाधार वा उद्योगमध्ये कुनै एउटा क्षेत्रलाई लक्षित गरेर बजेट बनाउने हो भने मात्र ठूला परिवर्तन सम्भव हुन्छ ।' उनको भनाइमा, सबै क्षेत्रमा सानो हिस्सा छुट्याउँदा कुनै पनि क्षेत्रमा अपेक्षित परिणाम आउँदैन । त्यसैले नीति निर्माणकै तहमा बजेटको मोडल र प्राथमिकता स्पष्ट पारेर योजनाबद्ध ढंगले खर्च गर्न उनले सुझाव दिए ।

**निजगढ विमानस्थल किन अलपत्र ?**

प्रतिनिधिसभाका सांसद राजेन्द्रप्रसाद पाण्डेले लामो समयदेखि चर्चामा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल अध्ययनपछि अलपत्र परेको भन्दै यसको निर्माण तत्काल अघि बढाउन माग गरेका छन् । बुधबार प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता (प्रि–बजेट) सम्बन्धी छलफलमा सांसद पाण्डेले निजगढ विमानस्थल जस्तो महत्वपूर्ण पूर्वाधार आयोजनालाई अब निर्णय गरी अघि बढाउनुपर्ने धारणा राखे । उनले भने, 'निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत अध्ययन त भयो, तर त्यसपछि त्यो अलपत्र छ । यदि विमानस्थल निर्माण गर्न सकियो भने देशको आर्थिक र पर्यटन विकासमा ठूलो टेको पुग्थ्यो ।'

## बस दुर्घटनामा २८ भारतीय घाइते

**मधेशदृष्टि**
**पोखरा ।**
बुधबार दिउँसो पोखरा महानगरपालिका–२२ स्थित दहरा घुम्तीनजिकै भएको बस दुर्घटनामा घाइते भएका २८ जना भारतीय नागरिक रहेको खुलेको छ । प्रहरीका अनुसार बसमा ३० जना सवार थिए ।

जसमध्ये चालक र सहचालक बाहेक सबै भारतीय नागरिक रहेको प्रहरीले जनाएको छ ।

२ जनाबाहेक अरूको अवस्था सामान्य रहेको मेडिकल कलेजमै पुगेका कास्की प्रहरी प्रमुख एसपी श्यामबाबु ओलियाले जानकारी दिए ।

भारत छत्तिसगढबाट ४९ जना मंगलबार राति पोखरा भ्रमणका लागि आइपुगेका थिए । उनीहरू बुधबार बिहान २ वटा बस रिजर्भ गरी पोखरा–२२ पुम्दीभुम्दीस्थित विशाल महादेवको मूर्ति दर्शन गर्न पुगेको र फर्किने क्रममा दुर्घटनामा परेको बसमा सवार प्रदीप बर्णवालले जानकारी दिए ।

दुर्घटनाका घाइतेहरूः
१. पोखरा महानगरपालिका–११ का २७ वर्षीय दिनेश क्षेत्री (चालक)
२. पोखरा महानगरपालिका–१ का ३० वर्षीय कृष्ण सुवेदी (सहचालक)
३. भारत छत्तिसगढका ५३ वर्षीय त्रिलोकीनाथ बर्णवाल
४. भारत छत्तिसगढका ६७ वर्षीय दिलिप कुमार साहु
५. भारत छत्तिसगढका ६१ वर्षीय कोमल राय साहु
६. भारत छत्तिसगढका ७० वर्षीया जयन्ती वार्ड दिबागन
७. भारत छत्तिसगढका ६५ वर्षीय बिष्णु यादव
८. भारत छत्तिसगढका ६५ वर्षीया रेखा साहु
९. भारत छत्तिसगढका १२ वर्षीय चिराक साहु
१०. भारत छत्तिसगढका ६० वर्षीय निर्मला चावके
११. भारत छत्तिसगढका ७० वर्षीय रमेश चावके
१२. भारत छत्तिसगढका ३६ वर्षीय रितेश गुप्ता
१३. भारत छत्तिसगढका ५९ वर्षीय शिव प्रसाद
१४. भारत छत्तिसगढका ५७ वर्षीय रमेश नाथ
१५. भारत छत्तिसगढका ४८ वर्षीय प्रदिप बर्णवाल
१६. भारत छत्तिसगढका ४२ वर्षीय संगिता बर्णवाल
१७. भारत छत्तिसगढका ४५ वर्षीय किरण बर्णवाल
१८. भारत छत्तिसगढका ११ वर्षीय भवे साहु
१९. भारत छत्तिसगढका ७८ वर्षीय चाम्रुराम साहु
२०. भारत छत्तिसगढका ४३ वर्षीय टिकाराम साहु
२१. भारत छत्तिसगढका ६१ वर्षीय सिहु चरण साहु
२२. भारत छत्तिसगढका ७० वर्षीय आइएस नाथ
२३) भारत छत्तिसगढका ४५ वर्षीया दिपकला मिश्रा
२४) भारत छत्तिसगढका ३८ वर्षीया अनिता शर्मा
२५) भारत छत्तिसगढका ५० वर्षीया कामिनी साहु
२६) भारत छत्तिसगढका ६७ वर्षीय थागुराम साहु
२७) भारत छत्तिसगढका ७३ वर्षीय राम दुलाहा देवागन
२८) भारत छत्तिसगढका ८२ वर्षीय मायाराम साहु
२९) भारत छत्तिसगढका ७० वर्षीया सुमिती साहु
३०) भारत छत्तीसगढका १३ वर्षीय मुकुन कुमार साहु

# बेरूजु निरन्तर बढ्दो, राजस्व छुटको तथ्याङ्क संसदमा पेस गरेर पारदर्शिता कायम गर्न सुझाव

**काठमाडौँ ।**
महालेखापरीक्षकको ६२औँ वार्षिक प्रतिवेदन २०८२ सार्वजनिक भएको छ ।तीनवटै तहका सरकार र तिनको मातहतमा रहेका सार्वजनिक निकाय तथा सङ्गठित संस्थाको आर्थिक वर्ष २०८०÷८१ को लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति तथा भविष्यमा गर्नुपर्ने सुधारलगायतका विषय समेटेर प्रतिवेदन सार्वजनिक गरिएको हो । महालेखापरीक्षक तोयम रायाले बुधवार उक्त प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गरेका छन ।
महालेखापरीक्षकको ६२औँ प्रतिवेदनअनुसार सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरूजु सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख रुपैयाँ बराबर छ । अद्यावधिक बेरूजु गत वर्षकोभन्दा ९ दशमलव ४५ प्रतिशतले बढेको छ ।
त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम पाँच खर्ब ५१ अर्ब एक करोड रुपैयाँ गरी कूल १२ खर्ब ८४ अर्ब २० करोड रुपैयाँ बराबर पुगेको हो । यसरी हालसम्मको कूल बेरूजु १२ खर्ब ८४ अर्ब २० करोड रुपैयाँ नाँघेको छ । प्रतिवेदनअनुसार पछिल्लो एक वर्ष अर्थात् आर्थिक वर्ष २०८०÷८१ मा मात्रै ९१ अर्ब ५९ करोड ७९ लाख रुपैयाँ बराबर बेरूजु थपिएको छ ।
यो वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको ९४ खर्ब ६२ अर्ब ३६ करोड रुपैयाँको लेखापरीक्षण सम्पन्न भएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । लेखापरीक्षणबाट विभिन्न सैद्धान्तिक बेरूजुका अतिरिक्त ९१ अर्ब ६० करोड रुपैयाँ लगती बेरूजु देखिएको छ । सोमध्ये तीन हजार ९३ सङ्घीय सरकारी कार्यालयको ३१ खर्ब छ अर्ब १६ करोड रुपैयाँ लेखापरीक्षणबाट ४७ अर्ब ७४ करोड रुपैयाँ अर्थात् एक दशमलव ५४ प्रतिशत बेरूजु देखिएको छ ।
प्रदेशतर्फ एक हजार १६५ कार्यालयको तीन खर्ब आठ अर्ब ५६ करोड रुपैयाँ को लेखापरीक्षणबाट चार अर्ब २० करोड रुपैयाँ अर्थात् एक दशमलव ३६ प्रतिशत देखिएको छ ।
त्यसैगरी स्थानीय तहतर्फ यस वर्षको ७५३ र बक्यौता आठसमेत कूल ७६१ को ११ खर्ब १८ अर्ब ४६ करोड रुपैयाँको लेखापरीक्षणबाट २५ अर्ब ३२ करोड रुपैयाँ अर्थात् दुई दशमलव २६ प्रतिशत बेरूजु देखिएको छ । समिति र अन्य संस्थातर्फ ६९५ निकायको पाँच खर्ब २२ अर्ब १३ करोड रुपैयाँको लेखापरीक्षण भएकामा १४ अर्ब ३३ करोड रुपैयाँ बेरूजु कायम भएको छ । त्यसैगरी, ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको ४४ खर्ब सात अर्ब पाँच करोड रुपैयाँको लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणका लागि परामर्श उपलब्ध गराएबमोजिम १५ खर्ब ७७ अर्ब ४९ करोड रुपैयाँको लेखापरीक्षण भएको महालेखाले जनाएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक विषयको सूचना प्रविधि र दुई विषयको विशेष लेखापरीक्षण गरिएको जनाइएको छ ।
अघिल्लो आर्थिक वर्ष २०७९÷८० वर्षसम्मको बाँकी बेरूजु छ खर्ब ६९ अर्ब ८६ करोड रुपैयाँ रहेकोमा समायोजन तथा फछ्र्यौट गरिएको अङ्क घटाई यो वर्षको थपसमेत सात खर्ब ३३ अर्ब १९ करोड बेरूजु रुपैयाँ बाँकी रहेको छ । त्यस्तै लेखापरीक्षणका क्रममा तथा सम्परीक्षणबाट यो वर्ष १४ अर्ब ४८ करोड रुपैयाँ असुल भएको महालेखाले जनाएको छ ।
कारबाही गरी टुङ्गो लगाउनुपर्ने पाँच खर्ब ५१ अर्ब दुई करोड रुपैयाँ रहेकोमध्ये राजस्व बक्यौता चार खर्ब ७२ अर्ब ३५ करोड रुपैयाँ , शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान छ अर्ब २५ करोड रुपैयाँ , शोधभर्ना लिन बाँकी वैदेशिक ऋण १४ अर्ब ३३ करोड रुपैयाँ, जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज ४९ अर्ब ३७ करोड रुपैयाँ र लेखापरीक्षण बक्यौता आठ अर्ब ७१ करोड रुपैयाँ रहेको छ ।
प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा एक दशमलव ३६ प्रतिशत बेरूजु कायम भएकामा सबैभन्दा बढी मधेस प्रदेशको दुई दशमलव ५७ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको शून्य दशमलव ८२ प्रतिशत रहेको छ । स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा दुई दशमलव २६ प्रतिशत बेरूजु कायम भएको छ । यो वर्षको लेखापरीक्षणबाट पाँच प्रतिशतभन्दा कम बेरूजु हुने स्थानीय तह ६९२ वटा रहेका छन् ।
त्यस्तै, पाँचदेखि १५ प्रतिशतसम्म बेरूजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरूजु हुने एक स्थानीय तह रहेको छ । त्यस्तै, यो वर्ष तीन हजार ९३ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकामा एक हजार १०५ कार्यालय अर्थात् ३५ दशमलव ७३ प्रतिशतमा उल्लेख्य बेरूजु नदेखिएको प्रतिवेदनमा उल्लेख छ ।
त्यसैगरी प्रदेश सरकारी कार्यालयतर्फ एक हजार १६५ निकायको लेखापरीक्षण गरेकोमा ३३३ कार्यालय अर्थात् २८ दशमलव ५८ प्रतिशतमा उल्लेख्य बेरूजु देखिएन । सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट १४ अर्ब ४८ करोड ४१ लाख रुपैयाँ असुल गराएको पनि महालेखाको प्रतिवेदनमा उल्लेख छ ।
अर्थ मन्त्रालयले विभिन्न शीर्षकमा दिँदै आएको राजस्व छुटमा महालेखाले प्रश्न उठाएको छ । भन्सार विभागको तथ्याङ्क प्रणाली (आसिकुडा) को तथ्याङ्कअनुसार २०८०÷८१ मा भन्सार राजस्वतर्फ ७९ अर्ब ८७ करोड ३९ लाख रुपैयाँ छुट दिएको देखिन्छ । आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फसमेत छुट दिएकामा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन
,' प्रतिवेदनमा भनिएको छ । साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारी गर्दा भन्सार महसुल रू चार अर्ब ८७ करोड ९९ लाख र मूल्य अभिवृद्धि करसमेत छुट भएको देखिएको महालेखाले उल्लेख गरेको छ ।
'अर्थ मन्त्रालयले २०८० फागुन मसान्तसम्म विभिन्न मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानसमेतको ३४ अर्ब २७ करोड ५२ लाख रुपैयाँ पैठारी मूल्यमा छ अर्ब ६० करोड ९९ लाख रुपैयाँ समेत विगत चार वर्षमा २० अर्ब ६२ करोड ६९ लाख रुपैयाँ राजस्व छुट दिएको छ । वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाका लागि आयोजना विकास सम्झौताको सर्तको अधीनमा रही ४३ अर्ब ५६ करोड ४८ लाख ३० हजार रुपैयाँ पैठारी मूल्यका मालवस्तुमा सात अर्ब ५२ करोड ९८ लाख ८५ हजार रुपैयाँ राजस्व छुट दिएको देखिन्छ', महालेखाको प्रतिवेदनमा भनिएको छ, 'यसरी सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट दिएको वस्तु तथा रकमको अद्यावधिक अभिलेख अर्थ मन्त्रालयले राखेको छैन ।'
सम्बन्धित आयोजनाले बोलपत्र आह्वान गर्नुअगावै मास्टरलिष्ट स्वीकृत गराएको अवस्थामा मात्र छुट दिने र सुविधामा पैठारी भएका मालवस्तुको उपयोग सोही आयोजनामा भए÷नभएको अनुगमनसमेत हुनुपर्ने व्यवस्था मिलाउन महालेखाले सुझाव दिएको छ । पछिल्ला वर्षमा राजस्व छुटको दायरा बढ्दै गएकाले सोको प्रभाव विश्लेषण गर्नुका साथै राजस्व छुटको एकीकृत तथ्याङ्क संसदमा पेसगरी पारदर्शिता कायम गर्न भनिएको छ ।रासस

# वैदेशिक रोजगारीका क्रममा ठगिएकाको ५४ लाख फिर्ता



**तनहुँ ।**
वैदेशिक रोजगारीमा ठगिएका तनहुँका २४ सर्वसाधारणको ५४ लाख दुई हजार रुपैयाँ फिर्ता गरिएको छ ।
जिल्ला प्रशासन कार्यालयमा रहेको सुरक्षित आप्रवासन परियोजना (सामी) को पहलमा विभिन्न ठाउँका २४ जनाको रकम फिर्ता गरिएको हो । चालु आर्थिक वर्षको चैत मसान्तसम्म केन्द्रमा एक सय चार वटा उजुरी दर्ता भएका छन् । त्यसमध्ये २४ जनाको उजुरी फछ्र्योट गरी पीडितलाई रकम फिर्ता गरिएको सहायक प्रमुख जिल्ला जीतबहादुर भण्डारीले जानकारी दिए । केन्द्रमा दर्ता भएकामध्ये ८० वटा उजुरी वैदेशिक रोजगार विभागमा पठाइएको छ ।
केन्द्रले छ, हजार चार सय सात पुरूष र तीन हजार छ सय १९ महिला गरी १० हजार २६ जनालाई वैदेशिक रोजगारीसम्बन्धी परामर्श प्रदान गरेको छ । भण्डारीका अनुसार वैदेशिक रोजगारीको क्रममा मृत्यु भएकाको परिवार र दुर्घटनामा परेकाका लागि चार करोड २१ लाख १९ हजार दुई सय ५६रुपैयाँ बिमा बापत्को रकम उपलब्ध गराइएको छ ।
वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन विसं २०७६ मङ्सिर १ गतेदेखि जिल्लामा सामी परियोजना सञ्चालित छ ।रासस

# पदाधिकारी छनोट प्रक्रिया पारदर्शी बनाउन द्वन्द्वपीडितको आग्रह

**काठमाडौँ ।**
सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी छनोट प्रक्रिया पारदर्शी बनाउन द्वन्द्वपीडितले प्रधानमन्त्रीलाई आग्रह गरेका छन् ।
बुधवार द्वन्द्वपीडित साझा चौतारी, द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल, गम्भीर मानव अधिकार उल्लङ्घनका पीडितको राष्ट्रिय सञ्जालसहित ३९ वटा संस्थाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई उक्त छनोट प्रक्रिया पारदर्शीता र विश्वसनीय बनाउन माग गरेका हुन् ।
गम्भीर मानव अधिकार उल्लङ्घनका पीडितको राष्ट्रिय सञ्जालका अध्यक्ष रामकुमार भण्डारीले ती आयोगमा पदाधिकारी सिफारिस गर्दा न्याय दिनसक्ने व्यक्ति र पदाधिकारी छनोट गर्दा पारदर्शीता र विश्वसनीय हुनुपर्ने माग गर्दै प्रधानमन्त्रीलाई पत्र पठाएको जानकारी दिए ।रासस

# 'तरकारीमा विषादीको प्रयोग घटाऔँ'

**चितवन ।**
जिल्लाबाट उत्पादन भएर बिक्रीका लागि गएका तरकारीमा रसायनिक विषादीको प्रयोग बढी देखिएसँगै विज्ञहरूले यसको प्रयोग घटाउन किसानलाई आग्रह गरेका छन् । केरूङ्गा ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्थाले आयोजना गरेको विषादी न्यूनीकरण जनचेतनामूलक प्रशिक्षण कार्यक्रममा कृषि विज्ञले रसायनिक विषादीको प्रयोग कम गरेर प्राङ्गारिकतर्फ केन्द्रत हुन किसानलाई सुझाव दिएका छन् ।
नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का वरिष्ठ वैज्ञानिक घनश्याम भण्डारीले रसायनिक विषादीको प्रयोगले किसानका सत्रु तथा मित्रजीव दुवैलाई असर गर्ने र प्रयोग गर्दासमेत मानव स्वास्थ्यमा समस्या हुने भएकाले यसको प्रयोग घटाउन आग्रह गरे । उनले भने 'विज्ञसँगको समन्वयमा रसायनिक विषादीको समूचित प्रयोग गर्नुपर्छ ।" अहिले जथाभावी प्रयोग गर्दा यहाँको उत्पादनमा विषादीको मात्रा बढी देखिएको उनले बताए ।
कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका कीट विज्ञान विषयका प्रध्यापक डा सुन्दर तिवारी विषादीको प्रयोग गरिसकेपछि कति अवधि राख्नुपर्छ भन्ने कृषिमा ज्ञान नभएकाले तरकारीमा विषादीको मात्रा बढेको बताउउछन । उनले भने 'सामान्यतया तरकारीमा विषादी प्रयोग गरेको एक सातासम्म टिप्न मिल्दैन । यहाँ भोलि बिक्री गर्ने तरकारीमा आज विषादीको प्रयोग गर्ने गर्दा समस्या देखिएको छ ।' उनले किसानको सत्रुजीव र मित्रजीव दुवैलाई एवं उत्पादक तथा उपभोक्ता सबैको स्वास्थ्यमा असर गर्ने भएकाले विषादीको प्रयोग कम गर्न किसानलाई आग्रह गरे ।विषादीको प्रयोगले उत्पादन पनि घट्दै गएको भन्दै प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई चितवनका प्रमुख महेश रेग्मीले तरकारीमा प्रयोग गरिने विषादी न्यूनीकरण गर्न सकेमा मात्र स्वस्थ जीवन बिताउन सकिने बताए । यहाँ उत्पादित तरकारी देशका विभिन्न स्थानमा पुग्ने गरेको बताउँदै उनले विज्ञसँगको परामर्शमा मात्र विषादीको प्रयोग गर्न आग्रह गरे । जथाभावी विषादीको प्रयोगले मानव स्वास्थ्यमा असर पर्ने भन्दै उहाँले कृषि क्षेत्रलाई रासायनिक विषादीरहित बनाउन लाग्न जरूरी रहेको बताए ।
जिल्ला कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले कालिमाटी फलफूल तथा तरकारी बजारमा चैत १९ गते पठाइएको बोडीमा ९२ दशमलव ४५३ प्रतिशत अर्गानोफस्फेट भेटिएको थियो । वैशाख १४ गते पठाइएको करेलामा ७५ दशमलव ००७ प्रतिशत भेटिएको थियो । यसले गर्दा चितवनको तरकारी उपभोग गर्न हुन्न भन्ने सन्देश गएकाले किसान सचेत हुन जरूरी रहेको उनले बताए ।
सो अवसरमा जिल्ला प्रशासन कार्यालय चितवनका सहायक प्रमुख जिल्ला अधिकारी चुडामणि शर्मा गौतमले तरकारीमा देखिएको विषादीले मानव स्वास्थ्यमा समस्या पर्ने भएकाले उपभोक्ता अधिकार संरक्षणसम्बन्धी कानुन आकर्षित हुने भन्दै उनले विषादीको प्रयोग कम गर्न किसानलाई आग्रह गरे । उनले स्थानीय प्रशासन कानुनी प्रक्रियामा जानुभन्दा बेलैमा विषादीको प्रयोग घटाउन किसानलाई सुझाए ।
यस सहकारीबाट दैनिक उत्पादन भएर १० टन तरकारी बाहिर जाने गरेको छ ।
ती तरकारीमा विषादी देखिएपछि आफूहरू चिन्तित भएर सुधारको पक्षमा लागेको संस्थाका पूर्व अध्यक्ष कान्छा मल्लले जानकारी दिए । उनले भने '३५ वर्षदेखि गर्दै आएको व्यावसायिक खेतीमा सामान्य कुराले समेत ठूलो असर पार्दोरहेछ ।'
संस्थाका अध्यक्ष एवं अगुवा किसान जनकराज पुरी तरकारीमा देखिएको विषादी व्यवसायकी किसानकोभन्दा पनि गुजारामुखी किसानको हुनसक्ने बताए । तरकारीमा विषादीको प्रयोग बढेको सूचना पाएसँगै किसानमा विषादीको प्रयोगका बारेमा सचेतना जगाउने काम गरिएको उनको भनाइ छ ।
उत्पादित तरकारीमा कार्बामेट र आर्गानोफस्फेट ३५ प्रतिशतभन्दा कम भएमा उपभोगयोग्य, ३५ देखि ४५ प्रतिशतसम्म भेटिएमा केही दिन क्वारेन्टाइनमा राख्नुपर्ने र ४५ प्रतिशतभन्दा बढी देखिएमा विसर्जन गर्नुपर्ने हुन्छ । पछिल्ला दिनमा उपभोग्य तरकारीमा विषादीको प्रयोग बढ्नु चिन्ताजनक रहेको जिल्ला कृषि विकास कार्यालय चितवनका प्रमुख कँडेलले बताए ।रासस




**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

**Re-Invitation for Electronic Bids**

Date of Second Publication: 2082-02-01 (15th May, 2025)

Janakpurdham Sub-Metropolitan City invites electronic bids from registered Suppliersfor below Mentioned good. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 14/2081/82/SQ/GOODS | Procurement of Mobile Toilet Van with Multiple Cabin Mount on Tractor Towable Trolley as per approved Specification | 19,00,000.00 | 50,000.00 | 2082-02-16, 12:00hrs | 1000.00 |

- Chief Administrative officer

# दुधमति नदी उत्खनन् तथा विकास कार्यमा तीव्रता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण दुधमति नदीको उत्खनन् र समग्र विकास कार्यलाई तीव्रता दिन मधेश प्रदेश सरकारले निर्णायक कदम चालेको छ । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवको नेतृत्वमा दुधमति नदी उत्खनन् तथा विकास आयोजना 'प्रदेश सरकारको गौरवको आयोजना'को रूपमा अगाडि बढाइएको हो ।
धनुषा र महोत्तरी जिल्लालाई जोड्ने दुधमति नदीको संरक्षण, सौन्दर्यीकरण र पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने उद्देश्यले विस्तृत आयोजना प्रतिवेदन अन्तिम तयारीको चरणमा पुगेको छ ।
कार्यविधि पारित भई नक्सांकन, सिमांकन जस्ता पूर्वाधार कार्य सम्पन्न भइसकेको छ । अब कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न समिति गठन प्रक्रिया शुरु गरिएको छ ।
बुधवार बसेको उपसमितिको बैठकबाट दुधमति नदी उत्खनन् तथा विकास कार्यविधि, २०८१ को दफा ७ (ख) बमोजिम व्यवस्थापन समिति, प्राविधिक समिति र प्रचारप्रसार समिति गठन गर्ने निर्णय गरिएको छ । यी समितिहरूले आयोजनाको व्यवस्थापनदेखि प्रचारप्रसारसम्मका कार्यको जिम्मा लिनेछन् । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री तथा उपसमितिका संयोजक शेषनारायण यादवका अनुसार, 'समितिहरूले आयोजनाको कार्यान्वयनमा देखिन सक्ने प्राविधिक जोखिम, कठिनाई तथा जटिलतालाई समयमै पहिचान गरी समाधानका लागि आवश्यक सुझाव दिनेछन् ।
साथै, दुधमति नदीको धार्मिक, पुरातात्विक र पर्यटकीय महत्वलाई देश–विदेशमा प्रचार गरी यसलाई आकर्षक गन्तव्यका रूपमा उभ्याउने काम पनि गरिनेछ ।'
समितिका पदाधिकारीहरूको नियुक्ति, पारिश्रमिक र कार्यक्षेत्र सम्बन्धी थप निर्णय उपसमितिको आगामी बैठकमार्फत गरिने जानकारी पनि मन्त्री यादवले दिए । योजना सफल र नतिजामूलक बनाउन नियमित प्राविधिक, प्रशासकीय तथा व्यवस्थापकीय कामका लागि दुधमति नदीको उदगमस्थल नजिकै आयोजना कार्यालय स्थापना गर्ने सिफारिश ऊर्जा मन्त्रालयसमक्ष गरिएको छ ।
साथै, स्वीकृत बहुवर्षीय लागत अनुमानअनुसार विकास कार्यलाई २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तथा बजेटमा प्राथमिकताका साथ समावेश गर्ने निर्णय पनि भएको छ ।
बैठकमा उपसमितिका सदस्यहरूको रूपमा धनुषा र महोत्तरीका सशस्त्र प्रहरी, नेपाल प्रहरीका प्रहरी नायव निरीक्षक, मालपोत कार्यालय धनुषाका प्रमुख, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, क्षिरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादव, उपमेयर रचना माथेमा, लक्ष्मिनिया गाउँपालिकाकी उपमेयर फुलकुमारी लगायत सम्बन्धित पालिकाका वडाध्यक्षहरूको उपस्थिति रहेको थियो ।

# ट्याक्टर पल्टिँदा चालकको ज्यान गयो

**मधेशदृष्टि**
**सप्तरी ।**
हुलाकी सडक मार्ग अन्तर्गत सप्तरीको विष्णुपुर गाउँपालिका–१ खुरहुरीया नजिकै मंगलबार राती ट्याक्टर दुर्घट्ना हुँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका–१ कविलाशाका १८ वर्षिय दिपक कुमार सन्त रहेको प्रहरीले जनाएको छ । अनटेस्ट ट्याक्टर एक्कासी अनियन्त्रित भई सडक किनारमा पल्टिएको प्रत्यक्षदर्शीहरुले बताएका छन् ।
ट्याक्टर पल्टिएपछि च्याप्पिएर गम्भीर घाइते भएका उनको उद्दार गरी प्रहरीले उपचारका लागी छिन्नमस्ता अस्पताल पु¥याएको थियो । तर, उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको शव पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पु¥याई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एक महिलासहित ५ जना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्ला प्रहरी कार्यालय सप्तरीले बुधवार एकैदिन एक महिलासहित ५ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद तथा जरिवाना भुक्तान बाँकी रहेका ती ५ जनालाई गाउँघरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । जालसाजी मुद्दामा पक्राउ परेका चारैजना एउटै पालिकाको रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।
पक्राउ पर्नेहरुमा डाँका मुद्दा तर्फका सप्तरीको महादेवा गाउँपालिका–६ का दिपेन्द्र कुमार खंग रहेका छन । उनलाई सो मुद्दामा सप्तरी जिल्ला अदालतले ४ महिना कैद र ३ हजार रुपैया जरिवाना तोकेको थियो । यस्तै जालसाजी मुद्दाका फरार प्रतिवादी सप्तरीको बोदेवर्साइन नगरपालिका–२ निवासी अमेरिका देवी यादव, अजय कुमार यादव, रामशुभक यादव तथा तेज नारायण यादव पनि पक्राउ परेका छन् ।
जालसाजी मुद्दाका फरार प्रतिवादीसंग जनही २÷२ सयका दरले ८ सय रुपैया वसुल गर्न बाकी रहेको प्रहरी नायब उपरिक्षक वस्नेतले बताए । पाँचै जनालाई बुधवार नै कैद र जरिवाना भुक्तानका लागी अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

# वडा अध्यक्षद्वारा विद्यार्थीलाई पुस्तक वितरण



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको बौधीमाई नगरपालिका वडा नम्बर ४ स्थित श्री मावि ईनारवारीमा बुधबार एक विशेष कार्यक्रमका बिच कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितरण गरिएको छ ।
पुस्तक वितरण कार्यक्रमको उद्घाटन बौधीमाई नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष तुरन्त नारायण यादवले गरेका छन् । उनले विद्यार्थीहरूलाई समयमै पुस्तक उपलब्ध गराउन पाउँदा खुशी व्यक्त गर्दै शिक्षालाई नगरपालिका नेतृत्वको पहिलो प्राथमिकता रहेको बताएका हुन् । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अनिल यादव, शिक्षकहरू, अभिभावक प्रतिनिधि तथा विद्यार्थीहरूको उत्साहजनक उपस्थिति रहेको थियो । विद्यालय व्यवस्थापन समितिको समन्वयमा गरिएको सो कार्यक्रमले नयाँ शैक्षिक सत्रको शुरुवातमा विद्यार्थीहरूलाई पठनपाठनमा सहज बनाउने अपेक्षा गरिएको छ । कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै विद्यालय प्रशासनले वडाध्यक्ष लगायत सहयोग गर्ने सबैलाई आभार व्यक्त गरेको छ ।

# पत्रकार फणि देव महतको असामयिक निधनले सञ्चार क्षेत्र स्तब्ध



**आरके श्रीवास्तव**
**रौतहट ।**
अन्नपूर्ण पोष्ट दैनिकका रौतहट संवाददाता, सुप्रिम सञ्चार प्रा.लि. अन्तर्गत सञ्चालित रेडियो सुप्रिम तथा अनलाइन पोर्टल कलमपाटी डटकमका सञ्चालक, प्रेस चौतारी मधेश प्रदेशका पूर्वअध्यक्ष तथा वरिष्ठ पत्रकार फणि देव महतको असामयिक निधनले सम्पूर्ण सञ्चार क्षेत्र शोकमग्न बनेको छ ।
विगत लामो समयदेखि ब्रेन ट्युमर रोगका शिकार पत्रकार महतको मंगलबार राति उपचारकै क्रममा दुःखद निधन भएको छ । ४८ वर्षीय उनको निधनको खबरले रौतहट मात्र नभई देशैभरिका पत्रकारलाई स्तब्ध तुल्याएको छ । लामो समयदेखि सञ्चार क्षेत्रको सशक्तिकरण तथा समाज रूपान्तरणमा सक्रिय महतले जनताको आवाज बुलन्द पार्न आफ्नो सम्पूर्ण जीवन समर्पण गरेका थिए ।
पत्रकारितामा उनको निष्ठा, समर्पण र निर्भिकता उदाहरणीय रहेको पत्रकार तथा उनका सहकर्मीहरूले बताएका छन् । उनको योगदान सदैव स्मरणीय रहने छ । पत्रकार महतको निधनले रौतहटको पत्रकारिता क्षेत्रमा ठूलो शून्यता उत्पन्न भएको छ । उनको निधनप्रति रौतहट लगायत देशैभरिका पत्रकारहरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली अर्पण गर्दै गहिरो समवेदना प्रकट गरेका छन् । नेपाल पत्रकार महासंघ मधेश प्रदेश लगायत विभिन्न सञ्चार संस्था र व्यक्तहरूले पनि उनीप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।
यस दुःखद घडीमा शोकाकुल परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरिएको छ । उनको परिवारमा एक श्रीमती र दुई छोरा छन् । चन्द्रनिगाहपुरमा बुधबार दिउँसो उनको अन्त्येष्टि गरिएको रेडियो सुप्रिमका स्टेसन म्यानेजर मुकेश कुमार साहले जानकारी गराएका हुन् ।

# पतञ्जली योग समितिको आयोजनामा योग शिविर सम्पन्न

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरूडा नगरपालिका–२ स्थित श्री मावि गेडहीगुठीमा पतञ्जली योग समिति गौरको तत्वावधानमा एकदिने योग शिविर सम्पन्न भएको छ ।
शिविरमा योग शिक्षकद्वय राम प्रकाश साह र जयमंगल प्रसादले विविध योग आसन तथा स्वास्थ्यसम्बन्धी अभ्यासहरू गराएका थिए । शिविरमा विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिका, विद्यार्थी, स्थानीय बुद्धिजीवी, व्यापारी, किसान लगायतको उल्लेख्य सहभागिता रहेको थियो ।
स्वस्थ जीवनशैलीको प्रवद्र्धन



तथा योगप्रति जनचेतना अभिवृद्धिको उद्देश्यले आयोजना गरिएको शिविरमा सहभागीहरूले योग अभ्यासको महत्त्वबारे जानकारी लिएका थिए । 'गरौं योग, निरोग रहौं' भन्ने मूल नाराका साथ सम्पन्न कार्यक्रममा सहभागीहरू अत्यन्त उत्साहित देखिएका थिए । यस किसिमका कार्यक्रमले समुदायमा स्वास्थ्यप्रति सजगता बढाउने विश्वास आयोजकले व्यक्त गरेका छन् ।

# मधेश प्रदेशमा सूचना प्रविधि अनुसन्धान केन्द्र स्थापना अपरिहार्यः गृहमन्त्री लेखी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले प्रदेशमा सूचना प्रविधि अनुसन्धान केन्द्रको स्थापना आवश्यक रहेको औपचारिक माग गरेका छन् । गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा आयोजित 'प्रथम सूचना प्रविधि सम्मेलन २०८२' को उद्घाटन समारोहमा बोल्दै मन्त्री लेखीले यस्तो माग गरेका हुन् । जनकपुरधाममा सम्पन्न सम्मेलनको अध्यक्षता मन्त्री लेखीले गरेका थिए भने मुख्यमन्त्री सतिश कुमार सिंह प्रमुख अतिथिको रूपमा सहभागी भएका थिए । कार्यक्रममा बोल्दै मन्त्री लेखीले भने, 'यो युग सूचना प्रविधिको युग हो । आजका विकसित राष्ट्रहरूले आफ्नो



ध्यान प्रविधिको विकासमा केन्द्रित गरेका छन् । तर, हाम्रो प्रदेश अझै पनि यो क्षेत्रमा पछि परेको यथार्थ हो । अब ढिला नगरी सूचना प्रविधिमा लगानी गर्न आवश्यक छ । प्रदेशको दिगो र समुचित विकासका लागि सूचना प्रविधिको विकास अपरिहार्य छ ।' उनले मुख्यमन्त्रीको उपस्थितिलाई विशेष अवसरको रूपमा लिँदै 'मधेश प्रदेशमै सूचना प्रविधि अनुसन्धान केन्द्र' स्थापना गर्न औपचारिक प्रस्ताव गरेका छन् । मन्त्री लेखीको अनुसार यस्तो केन्द्रले सूचना प्रविधिको अनुसन्धान, नवप्रवर्तन, दक्ष जनशक्ति उत्पादन र प्रविधिमैत्री नीतिहरू निर्माण गर्न सहयोग गर्नेछ । मुख्यमन्त्री सिंहले प्रविधिमा आधारित शासन प्रणाली, शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकासका लागि सूचना प्रविधिको प्रयोग अपरिहार्य रहेको बताए । उनले प्रदेश सरकारले प्रविधिलाई प्राथमिकतामा राखेर आगामी नीति तथा कार्यक्रम तय गर्ने प्रतिबद्धता व्यक्त गरे । सम्मेलनमा प्रदेशका विभिन्न मन्त्रालय, शिक्षा संस्थान, सूचना प्रविधि क्षेत्रका विज्ञ, विद्यार्थी, उद्यमी तथा सञ्चारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा डिजिटल शिक्षा, इ–गभर्नेन्स, साइबर सुरक्षा, प्रविधिमा उद्यमशीलता र नवप्रवर्तनका विषयमा प्रस्तुति र छलफलहरू समेत भएका थिए । सम्मेलनबाट मधेश प्रदेशमा सूचना प्रविधिको महत्वबारे जनचेतना अभिवृद्धि हुनुका साथै प्रदेश सरकारलाई प्रविधि–मैत्री योजना तर्जुमा गर्न थप प्रेरणा मिल्ने विश्वास लिइएको छ । सम्मेलनको समापनमा सहभागी सबै पक्षले अनुसन्धान केन्द्र स्थापनाका लागि प्रदेश सरकारको तत्काल कदम आवश्यक रहेको धारणा राखेका थिए ।

# जगरनाथपुर–५ मा दुई तले नवनिर्मित वडा कार्यालयको उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका वडा नं ५ मसिहानीमा नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन गरिएको छ । एक विशेष कार्यक्रमका बीच पूर्व उद्योगमन्त्री तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले रिबन काटी वडा कार्यालय भवनको उद्घाटन गरेका हुन् । पूर्वमन्त्री रिजालले उद्घाटन समारोहलाई सम्बोधन गर्दै भने, 'विकास र समृद्धिका काममा सबै दल र समुदाय एकजुट हुन आवश्यक छ । जबसम्म सबैको सहभागिता हुँदैन, तबसम्म लोकतन्त्र र संघीयताको अनुभूति जनतासम्म पुग्दैन ।' रिजालले स्थानीय तहको विकासमा केन्द्र र प्रदेश सरकारसँग सहकार्य गर्दै अघि बढ्नुपर्ने धारणा राखे । गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले पूव मन्त्री रिजालप्रति आभार व्यक्त गर्दै भने, 'पहिला वडा कार्यालय अन्य व्यक्तिको भवनमा सञ्चालन हुँदै आएको थियो । अब आफ्नै भवनबाट सेवा शुरु भएपछि कर्मचारी र सेवाग्राही दुवैलाई सहज हुनेछ ।' अध्यक्ष यादवका अनुसार नवनिर्मित वडा कार्यालय भवन दुई तले रहेको छ । यसको निर्माणमा जिल्ला समन्वय समिति पर्साबाट ७० लाख र गाउँपालिकाबाट ५० लाख गरी कुल १ करोड २० लाख रुपैयाँ खर्च गरिएको हो । निर्माण कार्यमा कुनै कमी नराखिएको भन्दै अध्यक्ष यादवले सबैलाई धन्यवाद पनि दिए । अध्यक्ष यादवले मसिहानीमा वडा कार्यालय भवन निर्माण गर्नका लागि आवश्यक १२ कठ्ठा जग्गा पूर्वमन्त्री रिजालले निःशुल्क प्रदान गरेकोमा विशेष धन्यवाद ज्ञापन गरे । त्यस्तै, जिल्लामा पूर्वमन्त्री रिजालका स्वर्गीय पिता मेघराज उपाध्यायको योगदान स्मरण गर्दै उनको सालिक निर्माण भइरहेको जानकारी दिए । साथै, मसिहानी क्षेत्रमा तीन किलोमिटर लम्बाइको कालोपत्रे सडक निर्माण कार्य पनि शुरु भइसकेको उनले बताए । गाउँपालिकाभरि विकास निर्माणका कामहरू तीव्र गतिमा अघि बढेको र त्यसले जनजीवनमा प्रत्यक्ष सुधार ल्याइरहेको अध्यक्ष यादवले बताए । वडाध्यक्ष बिहारी महतो नुनियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश सांसद शंकर प्रसाद चौधरी, उपाध्यक्ष बबिता सिंह क्षेत्री, नेपाली काँग्रेस पर्साका कोषाध्यक्ष प्रेम थापा, स्थानीय नेता सहरुम गदी, जगदीश चौहान, लेखापाल सन्देश कुशवाहा, वडाध्यक्षहरू लक्ष्मी साह, सुभाष यादव, नेपाली कुशवाहा, छिपहरमाई वडाध्यक्ष दिपेन्द्र सिंह लगायत अन्य स्थानीय प्रतिनिधिहरूले शुभकामना मन्तव्य व्यक्त गरे ।

# योग भवन निर्माणको पूर्वराज्यमन्त्री रायद्वारा शिलान्यास

मधेशदृष्टि
रौतहट ।
रौतहट जिल्ला अन्तर्गत गुजरा नगरपालिका–१ मनहर्वामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेशबाट विनियोजित आर्थिक वर्ष २०८१÷८२ को विकास बजेटबाट निर्माण हुन लागेको आरोग्य तथा योग भवन÷सार्वजनिक भवनको शिलान्यास एक विशेष समारोहका बीच सम्पन्न गरिएको छ । शिलान्यास कार्यक्रम मधेश प्रदेशका पूर्वराज्यमन्त्री केशव राय चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । कार्यक्रममा वडा नम्बर १ का सम्पूर्ण स्थानीय नेता, अन्य वडाका नेतागण, कार्यकर्ता, बुद्धिजीवी, समाजसेवी, उपभोक्ता समितिका सदस्यहरू तथा जनसमुदायको उल्लेखनीय उपस्थिति देखिएको थियो । पूर्वराज्यमन्त्री चौधरीको पहल र योगदानले सो परियोजना अघि बढेको बताइएको छ । २२ लाख ५० हजार रुपैयाँको बजेटमा निर्माण हुने उक्त भवनले स्थानीय स्वास्थ्य तथा योग सम्बन्धी गतिविधिमा टेवा पु¥याउने विश्वास लिइएको छ । शिलान्यास कार्यक्रममा वक्ताहरूले पूर्वराज्यमन्त्री चौधरीको विकासमा योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि यसैगरी जनहितका परियोजनामा निरन्तर सक्रिय भूमिका रहने अपेक्षा व्यक्त गरेका छन् ।

सम्पादकीय

# तस्करी नियन्त्रण असम्भव कि अरुचि ?

मंगलबार पर्साको सशस्त्र प्रहरी एकाएक एक्सनमा आयो। उसले भन्सार छलेका सामान समात्ने, काठ नियन्त्रणमा लिने अनेक समाचार प्रवाह गरेर आफूलाई एक्सनमा ल्याएको सन्देश दियो। यो सन्देशले सशस्त्र प्रहरी तस्करी नियन्त्रणमा उत्रियो भने सम्भव छ भन्ने सन्देश पनि गयो।

पछिल्लो समय पर्साका ग्रामीण नाकाबाट नेपाल–भारतमा तस्करी मौलाएको र प्रहरी तथा सशस्त्र प्रहरी रमिते बनेको स्थानीयको लगातार गुनासोपछि हामीले समाचार प्रकाशन गरेका थियौँ। समाचारमा कुन नाकामा कुन तस्कर समूह र व्यक्तिले सेटिङ साम्राज्य चलाइरहेका छन् भन्ने विवरणसमेत प्रकाशन गरेका थियौँ। तस्करी गर्नेहरुको सञ्जाल ठूलो छ। यो सञ्जालले सुरक्षा निकायलाई नै समन्वय गरेर तस्करीको रुट र तालिका मिलाएको विषयसमेत हामीले सार्वजनिक गरेका थियौँ।

पर्सा, बारा, रौतहट नाकाबाट तस्करीको रुट मिलाएर पछिल्लो समय भारतबाट ल्याउन सकिने सबै सामान आयात गर्ने र यताबाट पठाउन सकिने सामान पनि पठाउने कामले पुरानै लय लिएको विषयमा लेखेका हौँ। एकताका पर्सा प्रहरी प्रशानसले तस्करीका रुटमा यस्तो कडाइ गरेको थियो कि तस्करहरु वीरगंज आसपासको रुटबाट विस्थापित हुने मुडमा थिए। यो अवस्थाबाट तस्करहरु निरास भइरहँदा एकाएक उनीहरुको मूर्च्छित सपना जागेर धमाधम तस्करी हुन थाल्यो। सशस्त्र प्रहरी बलको डिआइजी फेरबदलको मौका पारेर सर्लाही, रौतहट, बारा र पर्सामा तस्करी मौलाएपछि व्यापार व्यवसाय गर्नेहरुको अवस्था चौपट बनेको थियो। एकातिर राजस्व प्रभावित भएको थियो।

जे होस्, हामीले त दृश्य देखाइदिने हो। फैसला गर्न अदालत होइन, निर्देशन दिन राज्य होइनौँ। वश राज्यमा यसरी भइरहेको छ राजस्व दोहन भनेर गरिएको खबरदारी मात्रै हो। यो हाम्रो दायित्व पनि हो। देशकै ठूलो राजस्व संकलन केन्द्रमा मौलाएको तस्करी नियन्त्रण गरी राजस्व वृद्धि गराउनु र तस्करहरुलाई कारबाहीको दायरामा ल्याउनु हाम्रो दायित्व पनि हो। तर प्रहरी प्रशासन नै तस्कर साम्राज्यको सदस्य भएपछि कसरी मिल्न सक्छ ? यो प्रश्न समाजले उठाएको प्रश्न हो। प्रहरी प्रशासनको भूमिका सन्तुलित भएन भने पक्कै प्रश्न समाजले समाजमै उठाउँछ। प्रश्नको जवाफ दिनैपर्छ।

## के रेबिज खोप चौबिस घण्टाभित्र लगाइसक्नुपर्ने हो ?



डा शेरबहादुर पुन

केही दिन अगाडि एक वयस्क महिला छोरालाई कुकुरले टोकेपछि हस्याङ्गफस्याङ गर्दै अस्पताल आइपुग्नु भएको थियो। आफ्नो बच्चालाई कुकुरले टोकेको २४ घण्टा पुग्नै लागिसकेकाले रेबिज खोप तुरुन्त लगाउन उहाँले अनुरोध गर्नु भएको थियो। आत्तिनु स्वाभाविक पनि हो किनभने रेबिज एक प्राणघातक सरुवा रोग हो। नेपालमा बीसौँ मानिस यही भाइरसको कारणले मृत्युवरण गर्दै आइरहेको अधिकारिक तथ्याङ्क पनि छ। हाम्रो समुदायमा रेबिजबिरुद्धको खोप कुकुरले टोकेको २४ घण्टाभित्र लगाई सक्नुपर्छ वा जसरी पनि लगाउनुपर्छ भन्ने व्यापक मान्यता रहेको पाइन्छ। त्यसो भए के कुकुर वा कुनै शङ्कास्पद रेबिज लागेको–बहुला जनावरले टोकेमा २४ घण्टाभित्र नै रेबिज खोप लगाई सक्नु पर्ने हो त ?

कुकुर वा कुनै शङ्कास्पद बहुला जनावरले टोकेमा खासगरी रेबिज सङ्क्रमणसँग सम्बन्धित चासो लिएर घाइते चिकित्सकको सम्पर्कमा आउने गर्दछन् र स्वस्थाकर्मी–चिकित्सकले पनि रेबिजसम्बन्धी परामर्श वा आवश्यक परे रेबिज बिरुद्धको खोप दिने गर्दछन्। रेबिज प्राणघातक सङ्क्रामक रोग हो। नेपालमा रेबिज लक्षण देखिएका कोही पनि बाँचेका–स्वस्थ भएको तथ्याङ्क छैन। लेखकको झन्डै साढे दुई दशकभन्दा बढीको अनुभवमा अधिकांश रेबिजबाट मृत्यु हुनेमा रेबिज सङ्क्रमित कुकुरको टोकाइबाट भएको देखेको छ। जङ्गली स्याल, बिरालोको टोकाइबाट पनि मृत्यु भएको छ। तर समग्रमा सङ्क्रमित कुकुरको टोकाइबाट रेबिज लागेर वर्षेनी सयौँ नेपालीले हाल पनि मृत्युवरण गर्नु परेको वा गर्दै आइरहेको अवस्था देखिन्छ।

जनावरको टोकाइमा बाँदरको टोकाई पनि अग्रपंतिमा नै देखिन्छ तर टोकेपछि रेबिज प्रमाणित भएको नेपालमा भने देखिँदैन। यद्यपि विदेशमा भने फाट्टफुट्ट बाँदरबाट पनि रेबिज पुष्टि भएको पढ्न–सुन्न पाइन्छ। नेपालमा बाँदरको टोकाइबाट मानिसमा रेबिज सरेको प्रमाणित नभएको भएता पनि अरु के कस्तो स्वस्थ समस्या (सङ्क्रमण) देखिन–हुन सक्छ भन्ने बारेमा भने सम्बन्धित निकायले चासो लिनुपर्दछ। शहरमा मन्दिर अनि गाउँघरतिर भए खेतबारी–जङ्गल जाँदा मानिसलाई बाँदरले टोक्ने गरेको पाइन्छ।

हाल खोप लगाउने तरिकामा केही परिवर्तन गरिएको छ। तर यो जानकारी सरकारी स्वास्थ संस्था वा अस्पतालमा बाहेक अरु ठाउँमा खासै पुगेको भने देखिँदैन। सन् २०१७ को अक्टोबरमा विश्व स्वास्थ सङ्गठनका बिज्ञको बैठकले सन् २०१० को रेबिजसम्बन्धी निर्देशिकालाई प्रतिस्थापन गर्दै नयाँ निर्देशिका सन् २०१८ मा प्रकाशित गरेको थियो। त्यस लगत्तै नेपालले पनि सन् २०१९ मा रेबिजसम्बन्धी नयाँ निर्देशिका प्रकाशित गरेको थियो।

नयाँ निर्देशिकामा देखिएको फरक वा परिमार्जित गरिएको विषय भनेको खोप लगाउने तरिका तथा अवधि हो। यसमा विशेषतः छालामुनि र मासु–मांशपेशीका (पाखुराको) गरी दुई प्रकारले खोप दिन सकिन्छ भनिएको छ। यी दुई तरिकाको आधारमा खोपको अवधि पनि एक हप्ता (छाला मुनि) र दुई हप्ता (मासुमा दिने) मात्रा पुरा हुने गरी दिने गरिन्छ। छाला मुनि दिने तरिका पहिलोपटक नयाँ निर्देशिकामा समावेश भएर आएको हो। यो तरिकाबाट लगाउँदा खोपको मात्रा कम लाग्ने अनि छिटो अर्थात मासुमुनि दिने तरिकाभन्दा छोटो अवधिमा सकिने गर्दछ। मासुमुनि दिने तरिका छालामुनि दिने तरिकाभन्दा अवधि लामो भए पनि प्रतिस्थापित निर्देशिकामा भन्दा कम समयमा सकिनेछ। प्रतिस्थापित निर्देशिकामा मासुमुनि दिने तरिका मात्र थियो र त्यो २८ दिनसम्म दिनु पर्दथ्यो। विशेष तालिम प्राप्त स्वास्थकर्मी चाहिने भएकाले निजी क्लिनिक वा अस्पतालमा विशेषतःमासुमुनि दिने तरिकालाई निरन्तरता दिएको देखिन्छ। तर निजी क्लिनिक वा अस्पतालमा अहिले पनि मासुमुनि दिने तरिका अपनाउँदा पाँच पटक अर्थात् २८ दिनसम्म लगाउन सुझाएको वा लगाइदिने गरेको देखिन्छ।

खोप त लगाउने तर कति दिनभित्र लगाउनुपर्ने हो भन्ने चासो अधिकांशमा भएको पाहिन्छ। रेबिज प्राणघातक सङ्क्रामक रोग भएकाले पनि यस्तो चासो स्वभाविक मान्न सकिन्छ। समुदायमा भने कुकुर वा जनावरले टोकी हालेमा २४ घण्टाभित्र खोप लगाई सक्नुपर्छ भन्ने मान्यताले व्यापकता पाएको देखिन्छ। खोप जतिसक्दो चाँडो लगाउनु पर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन। उदाहरणको लागि, कसैलाई कुकुर वा कुनै जनावरले टोकेको रहेछ भने जतिसक्दो चाँडो नजिकैको अस्पताल वा स्वास्थ चौकीमा गएर खोप लगाइहाल्नु पर्दछ तर कुनै कारणले २४ घण्टापछि खोप लगाउन आएमा पनि खोप लगाउनु पर्दछ। यसो गर्नुको मुख्य कारण रेबिज रोगको 'इन्कुभेशन अवधि' सङ्क्रमित पिच्छे फरक र लामो हुनु हो। 'इन्कुभेशन अवधि' भन्नाले सङ्क्रमित भएर लक्षण देखिने अवधिलाई बुझाउँछ। लक्षण केही हप्तादेखि महिनौको अन्तरालमा देखिने गर्दछ।

नेपालमा धेरैमा रेबिजको लक्षण औसतमा चार–पाँच महिनादेखि वर्ष दिनभित्र देखिने गरेको छ। यद्यपि यो शरीरको कुन भागमा टोकेको हो त्यसमा लक्षण देखिने समय अवधि आधारित हुन्छ। खोप लगाउन जतिसक्दो चाँडो अनि ढिलो भन्ने हुँदैन भन्ने हो। कतिपय मानिस खोप लगाउन औषधि पसल जाँदा ढिलो (टोकेको दुई–तीन दिनपछि) आइपुगेकाले खोप लगाएर केही हुँदैन वा लगाउनुको अर्थ छैन भनेर फर्काएको अनि त्यस्ता घाइतेले मृत्युवरण समेत गर्नुपरेको उदाहरण धेरै छन्। यस्ता घटना बढी मोफसलका जिल्लामा भएको पाइन्छ। लेखकको विचारमा औषधि विक्रेतालाई पनि समयसमयमा रेबिजसम्बन्धी अभिमुखीकरण तालिम दिने वा रेबिजसम्बन्धी जानकारी उपलब्ध गराई दिनसके रेबिजबाट हुन सक्ने मृत्युलाई धेरै हदसम्म कम गर्न सकिने देखिन्छ।

धेरैले घाउ ठूलो भए वा बाहिरको कुकुर वा जनावर टोकेमा मात्र रेबिज खोप लगाउनुपर्छ भन्ने धारणा बनाएको देखिन्छ। चोट–घाउ ठूलो भए यसै पनि धेरैजसो आत्तिएर नै रेबिजविरुद्धको खोप लगाउन अस्पताल आउने गरेको पाइन्छ। तसर्थ, चोट–घाउ ठूलो भएकाको मृत्यु रेबिजबाट हुने सङ्ख्या पनि केही हदसम्म कम भएको देखिन्छ। तर चोट–घाउ सानो भए रेबिज हुँदैन भनेर खोप नलगाउनाले तुलनात्मक रूपमा मृत्यु विगतमाभन्दा हाल बढ्दै गइरहेको देखिन्छ। कतिपयले त खोप लगाउन भोलि जान्छु, पर्सि जान्छु भन्दै गर्दा घाउ निको हुने अनि अब लगाउनु पर्दैन होला भनेर खोप नलगाउँदा केही समयपछि उनीहरुको पनि मृत्यु भएको छ। पछिल्लो समय ठूलो घाउ चोटको कारणले भन्दा पनि सानो घाउ चोटको बेवास्ताले गर्दा रेबिज भई मृत्यु हुनेको सङ्ख्या विस्तारै उकालो लाग्दै गइरहेको छ। हाल घरमा पालिएका भनिएका कुकुरसमेतमा रेबिज भाइरस पुष्टि हुने गरेको पनि देखिएको छ। यस्तो समस्या विशेषगरेर गाउँघरतिर बढी देखिने गरेको छ। गाउँघरतिर घरेलु कुकुर भन्नाले घरमा खाने–सुत्ने तर दिनमा बाहिर जाने–डुल्ने गर्दा अथवा नियन्त्रण नगरिने हुँदा बाहिरी कुकुर वा जङ्गली जनावरको सम्पर्कमा आउने अनि रेबिज सङ्क्रमित भई परिवारका सदस्यलाई टोकर सङ्क्रमित गराउने गरेको देखिन्छ। यस्ता समस्या कम भए पनि काठमाडौँ पनि हुने गरेको छ।

रेबिज रोगबाट बच्ने एक मात्र उपाय भनेको खोप लिनु हो। रेबिजलाई इतिहासमा सिमित गर्ने प्रयास अझै पनि वास्तविकताभन्दा टाढा नै रहेको देखिन्छ। रेबिजबाट मृत्यु हुनेको सङ्ख्या विगतका दशकभन्दा उल्लेखनीय सङ्ख्यामा घटेको तथ्याङ्क देखिँदैन। रेबिज रोग किन बढ्दैछ भन्ने कारणको अनुसन्धान नगर्ने हो नेपालमा यो भाइरस 'साइलेन्ट किलेर'को रूपमा रहिरहने छ। बिरामीमा विशेष गरेर हावा वा–तथा पानीदेखि डराउने लक्षण देखिनथालेको केही दिनभित्र मृत्यु निश्चित प्रायःनै हुन्छ। तसर्थ, कुनै पनि जनावर अझ खास गरेर रेबिज सङ्क्रमित कुकुरले टोकेको शङ्का लागे नजिकैको स्वास्थ संस्था वा अस्पतालमा गएर रेबिजबिरुद्धको खोप लिनु पर्दछ। खोप सकेसम्म चाँडो लिनुपर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन। रासस

## मिडियाले गर्नसक्छ सशक्त पैरवी



टिकाराम सुनार

सरकारले यही जेठ २–४ मा 'सगरमाथा संवाद' आयोजना गर्दैछ। जहाँ विश्वभरका प्रबुद्ध व्यक्ति र सम्बद्ध पक्ष 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' बारे बृहत् संवाद हुनेछ। नेपालले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रले सामना गरिरहेका चुनौती र असर, जलवायु मुद्दा र न्यायका सवालमा अन्तरराष्ट्रिय समुदायको ध्यानाकृष्ट गर्नेछ। यस कार्यक्रमलाई सरकारले आफ्नो मौलिक संवाद श्रृंखलाका रूपमा अघि सार्न खोजेको छ।

यो पाँच वर्षअघि नै नेपाल सरकार, विशेषगरी प्रधानमन्त्री केपी शर्मा ओलीले परिकल्पना गर्नुभएको बहुप्रतिक्षित कार्यक्रम हो तर त्यसताका कोरोना महामारीका कारण सम्भव हुन सकेन। यसपटक भने तोकिएकै समयमा कार्यक्रम हुने गरी सम्पूर्ण तयारी भइरहेको छ। सगरमाथा संवाद सचिवालयका मिडिया समिति संयोजक लोकबहादुर पौडेल क्षेत्रीका अनुसार संवादमा सहभागिताका लागि विश्वका करिब ३०० पाहुनालाई निमन्त्रणा गरिसकिएको छ।

संवादका क्रममा जलवायु परिवर्तनसम्बन्धी विभिन्न पाँचवटा विषयमा १२ वटा सत्र र तीनवटा 'प्लेनरी सेसन' सञ्चालन हुनेगरी तयारी भएको छ। यो संवाद नेपाल सरकारले जलवायु सरोकारका मुद्दा उठाउने 'अन्तरराष्ट्रिय मञ्च' का रूपमा स्थापित गर्न खोजेको र यसलाई आमनेपालीको आफ्नो कार्यक्रम बनाउन सबैबाट सकारात्मक भूमिका अपेक्षा गरिएको उहाँको भनाइ छ।

'जसरी जलवायुका सवालमा आवाज उठान विश्वमा केही बहुमहत्वका मञ्च छन्, नेपालले पनि त्यस्तै मञ्च स्थापना गर्न खोजेको छ। यसर्थ, यो आमनेपालीको विषय हो। हामीले खानेपानी, खाना, फेर्ने स्वास, बाँच्ने मौसम र सामना गर्नु परिरहेका जोखिमबारे विश्वव्यापी मत निर्माण गर्ने थलो हो। यसलाई सफल बनाउन हरेक क्षेत्रबाट सकारात्मक सहयोगको खाँचो छ,' क्षेत्रीले भन्नुभयो, 'जलवायु परिवर्तनमा नगन्य भूमिका भए पनि त्यसबाट हामीले सामना गरिरहनुपरेका चुनौती र त्यसबारे विश्व समुदायको ध्यानाकर्षण गराउनु पर्नेछ। यसमा सशक्त अभिमत बनाउन मिडिया, आमबुद्धिजीवी, सचेत नागरिक सबैको सहयोग आवश्यक छ। मिडियाले त्यसका लागि पुलको काम गर्नसक्छ।'

वरिष्ठ पत्रकार राजेन्द्र दाहाल सबैभन्दा पहिले सगरमाथा संवाद, यसको महत्व र मुद्दाबारे बुझ्न र बुझाउन जरूरी रहेको देख्नुहुन्छ। यसमा आयोजकको मिडिया रणनीति नै महत्वपूर्ण हुने उहाँको भनाइ छ। 'यो संवादको सीमा के हो, आमनागरिकसँग कसरी जोडिन्छ भनेर गहिरोगरी बुझाउनुपर्नेछ। त्यसको माध्यम भनेको मिडिया नै हो तर त्यसअघि मिडियाकर्मीले नै यसबारे बुझ्नुप¥यो, अनि पो सशक्त भूमिका खेल्न सकिएला,' उहाँ भन्नुहुन्छ, 'यसपटक धेरै समय बाँकी रहेन, अब संवादबारे खबर मात्रै होइन जनतासँग जोडिएका कुरा भनिदिनका लागि पनि त मिडिया नै अगाडि आउनुप¥यो नि ! जनताका अधिकतम विषय उजागर गर्नुपर्छ भनेर मिडियाकर्मीले सोच्न आवश्यक छ।' आगामी दिनमा संवाद सचिवालयले नै यस बिटमा काम गर्ने केही मिडियाकर्मीलाई यस मुद्दामा सशक्त पैरवीका लागि प्रशिक्षित गर्दै अगाडि बढ्नुपर्ने उहाँको सुझाव छ।

'मिडिया पैरवी'

जलवायु परिवर्तन पछिल्लो विश्वको सबैभन्दा ठूलो मुद्दा हो। यसमा नगन्य भूमिका भए पनि सबैभन्दा बढी क्षतिको सामना गर्नुपरेकाले नेपालका लागि यो मुद्दा अझ बढी महत्वको छ। कमजोर भूगोल, जलवायु संवेदनशील जनजीविका र सीमित अनुकूलन क्षमताका कारण जलवायु परिवर्तनबाट नेपालले चौतर्फी समस्या भोगिरहेको छ। यसले कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, ऊर्जा, मानव स्वास्थ्य, पर्यटन, बसोबास, पूर्वाधार विकास, जीविकोपार्जनलगायत क्षेत्रमा गम्भीर क्षति पु¥याएको छ। यो कुरा उजागर गर्न मिडियाको सकारात्मक भूमिका अपरिहार्य छ।

वरिष्ठ पत्रकार एवं नेपाल वातावरण पत्रकार समूहका पूर्वअध्यक्ष कसमस विश्वकर्मा सगरमाथा संवाद जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेका क्षतिको परिपूरण गर्ने उपयुक्त मञ्चको रूपमा विकास गरिनुपर्ने आवश्यकता देख्नुहुन्छ। त्यसका लागि सरकारका निकायले सबैलाई एकाकार गर्दै समन्वयात्मक रूपमा अगाडि बढ्नुपर्ने उहाँको भनाइ छ। 'विश्व समुदायलाई आफ्ना कुरा सुनाउने मञ्चका रूपमा विकास गर्ने सरकारको उद्देश्य ठीक छ। यसलाई सफल बनाउने गरी सबैको सहयोग आवश्यक छ, यसमा संवाद सचिवालयको विशेष भूमिका रहनुपर्छ। यस सवालमा काम गर्ने मिडियाकर्मीले पनि आफ्नो दायित्वबोध गर्दै महत्वपूर्ण मुद्दा उधिन्ने, जलवायु न्याय र क्षतिपूर्तिको सवाल उजागर गर्न जोड दिनुपर्छ,' पूर्वअध्यक्ष विश्वकर्माले भन्नुभयो।

'नखाएको विष' लागिरहेको अवस्थामा आमसरोकारवालालाई अग्रिम सुसूचित धारणा निर्माण गर्न र सगरमाथा संवादमा सहभागी विश्वसमुदायको ध्यानाकर्षण गराउन नेपाली मिडिया थप प्रखर रूपमा प्रस्तुत हुनुपर्ने बेला आएको भन्नुहुन्छ त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका उपप्राध्यापक घमराज लुइँटेल। उहाँ सगरमाथा संवादको मुख्य सवाल 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' नेपाल मात्र नभई हिमालय क्षेत्र, त्यसबाट निसृत हुने नदी प्रणाली र त्योसँग जोडिएको सभ्यता रक्षाको विषय भएकाले यो सबैको साझा मुद्दा हुनुपर्ने बताउनुहुन्छ। स्थानीय भोगाइ, राष्ट्रिय बुझाइ र त्यसलाई अन्तर्राष्ट्रियकरण गर्न विश्वव्यापी प्रभावपार्ने गरी मिडियाको उपयोग र उपस्थिति देखिनु अपरिहार्य रहेको लुइँटेलको बुझाइ छ।

'नेपाली मिडियाले जलवायु परिवर्तनका असर र जोखिमबारे विश्व समुदायको ध्यानाकर्षण गराउन विगतदेखि नै निकै सकारात्मक भूमिका निर्वाह गर्दै आइरहेका छन्। हाम्रा पीडा विश्व समुदायलाई महसुस गराउन र त्यसलाई सम्बोधन गर्न साझा दृष्टिकोण निर्माणका लागि यतिबेला मिडिया थप सशक्त माध्यम हुनसक्छ,' उहाँ भन्नुहुन्छ, 'यसमा नेपाली मिडिया आफैँले गर्ने काम त छँदैछ। यसका साथै जलवायु विज्ञान नितान्त प्राविधिक विषय भएकाले 'भन्नुभयो र बताउनुभयो' शैलीले मात्रै हुँदैन। त्यसैले संवादसँग जोडिएका विज्ञहरूले नै कसरी, कुन र कस्ता विषय अहिलेका प्राथमिकता हुन् भनेर मिडियालाई बुझाउन आवश्यक छ। यसले हाम्रा मुद्दा र साझा आवाजलाई थप सशक्त बनाउन सघाउनेछ।'

जलवायुविज्ञ मधुकर उपाध्याय सगरमाथा संवादमा जलवायुका विश्वव्यापी सवालभन्दा पनि नेपाली समाजले भोग्नुपरेका समस्याबारे बुझाउने र त्यसको सामनाका लागि 'हामीसँग अरु उभिने' माहोल बनाउन लाग्नुपर्ने बताउनुहुन्छ।

जलवायु मुद्दामा पछिल्लो समय 'विश्वशक्ति' अमेरिकाको बुझाइ फेरिएपछि हरितगृह ग्यास उत्सर्जनको सवालतर्फ ध्यान भड्किएकाले नेपालले आफ्नो हित रक्षाका लागि रणनीतिक रूपमा अघि बढ्नुपर्ने उहाँको भनाइ छ। 'अमेरिकाले जलवायु परिवर्तनका मुद्दाबाट बाहिर निस्किने घोषणा गरेको छ। यसले हिजोका दिनसम्म विश्वको प्रमुख विषय रहेको हरितगृह ग्यास उत्सर्जनको कुरा हाल कमजोर बनिरहेको छ। यसर्थ अब हामी रणनीतिक रूपमा अगाडि बढ्नुपर्ने आवश्यकता छ,' उपाध्यायले भन्नुभयो, 'हामीले लगातार तेस्रो सुख्खा हिउँद भोग्यौँ। मेलम्चीको विनास, गत असोजको विपद् र थामेको क्षति बेहो¥यौँ। स्थानीयस्तरमा यस्ता कैयन समस्या छन्। अब चौथो हिउँद सुख्खा भए के गर्ने, फेरि विनास आउन नदिन, जलवायु परिवर्तनका कारण गाउँगाउँबाट विस्थापित हुने अवस्था रोक्नका लागि प्रविधि, सीप, अनुकूलन क्षमता विकासमा सहयोगको स्थिति बनाउन सगरमाथा संवादको मञ्चलाई प्रयोग गरौँ। यो माहोल बनाउन मिडिया उपयोगी हुनसक्छ।'

बढ्दो क्षति तर कमजोर वित्तीय क्षमताका कारण नेपालको एक्लै प्रयासले चुनौती सामना गर्न कठिन रहेकाले जलवायु न्यायको आवाज सशक्त बनाउन सगरमाथा संवादलाई प्रभावकारी मञ्च बनाउन आवश्यक रहेको जानकारहरू बताउछन्। हुन पनि जलवायु परिवर्तनका असरसँग जुध्न र त्यसले पु¥याएका क्षतिको सामना गर्न नेपालको आफ्नै सामथ्र्यले धान्दैन। राष्ट्रिय अनुकूलन योजना, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजनाले प्रक्षेपण गरेअनुसार नेपाललाई सन् २०२१ देखि २०३० सम्म न्यूनीकरणका क्रियाकलापमा २५ अर्ब र अनुकूलनका लागि २१ अर्ब अमेरिकी डलरको वित्त व्यवस्था गर्नुपर्ने हुन्छ□। हालको अवस्था कायम रहँदा पनि करिब ५७ प्रतिशत स्रोतको अभाव हुने देखिन्छ□। यहीबीचमा नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदैछ। त्यसपछि अन्तर्राष्ट्रिय समुदायबाट हाल प्राप्त हुने वित्त सहायतामा भारी मात्रामा कटौती हुनेहुँदा वित्त अभावको खाडल थप गहिरिने छ।

सुधार्नुपर्ने शैली

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी निकाय (आइपिसिसी) ले पनि मिडियालाई 'आकार दिने' शक्तिका रूपमा लिएको छ। यसले जलवायु परिवर्तन न्यूनीकरणका प्रयासलाई तीव्रता दिन सहयोगी वातावरण निर्माणमा मिडिया उपयोगी हुनसक्छ भनेर अथ्र्याएको छ। हाम्रो ग्रहलाई तताउने हरितगृह ग्यासहरूको उत्सर्जन घटाउने वा रोक्ने कार्यमा मिडियाको भूमिका महत्वपूर्ण हुने आइपिसिसीको बुझाइ छ।

आइपिसिसीले जलवायुसम्बन्धी विश्वव्यापी मिडिया कभरेजबारे गरिएको एउटा अध्ययनको सन्दर्भ उल्लेख गरेको छ। विश्वका विभिन्न ५९ देशहरूमा गरिएको सो अध्ययनले जलवायु मुद्दामा मिडिया कभरेज बढिरहेको देखाउँछ। सन् २०१६–१७ मा लगभग ४७ हजार मिडिया कभरेज रहेकामा सन् २०२०–२१ म त्यो संख्या करिब ८७ हजार पुगेको छ। सामान्यतया जलवायु विज्ञानमा मिडिया प्रतिनिधित्व वृद्धि भए पनि कसै–कसैले सङ्गठित रूपमै यसबारे फैलाउने भ्रामक जानकारी प्रसार गरेर ध्रुवीकरणलाई बढाएको र यसले जलवायु नीतिमा नकारात्मक प्रभाव पारेको पनि सो अध्ययनले देखाएको छ।

नेपाली मिडियाले अन्य समयमा जलवायु परिवर्तनजन्य विषयलाई आआफ्नो तवरले उठाइरहेकै छन्। त्यसको शैली र प्रवृत्तिबारे बृहत् अध्ययन जरूरी छ। बहुआयामिक महत्व बोकेका सम्मेलनमा नेपाली मिडियाले कसरी विषयवस्तुको उठान गर्छन् भन्ने सवालमा पङ्क्तिकारले यसअघि एउटा अध्ययन गरेको छ। त्यो सन्दर्भ यहाँ उल्लेख गर्नु सान्दर्भिक होला। जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन कोप–२९ का सन्दर्भमा गत नोभेम्बर ९ देखि २५ (कात्तिक २६ देखि मङ्सिर ९) सम्म देशका पाँच वटा मिडियाका एक सय ४७ विषयवस्तुको विश्लेषण गरिएको थियो। त्यसक्रममा गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट गरी तीन पत्रिका, एउटा समाचार समिति (रासस) र एउटा संस्थागत अनलाइन माध्यम (हाकाहाकी, वातावरण पत्रकार समूहको प्रकाशन) का विषयवस्तुको विश्लेषण गरिएको थियो। जसमा एक सय १५ समाचार, २९ वटा विचार र तीनवटा सम्पादकीय रहेका छन्। ती विषयवस्तुले नेपाली मिडिया प्रतिनिधिमण्डल, सरकारी अधिकारी र जलवायु परिवर्तनका विषयमा गरिएका औपचारिक कार्यक्रम तथा भाषणजन्य विषयमै बढी रुमल्लिरहेका देखाउँछ। यस्ता विषयवस्तु ८० प्रतिशतभन्दा बढी छन्। बाँकी विषयमा विज्ञहरूका विचार, सम्पादकीय, जलवायु परिवर्तनका असरसँग जोडिएका विविध गतिविधि र गुनासाहरू छन्।

जलवायु परिवर्तनको मुद्दा विश्वव्यापी भए पनि यसका असर हरेक व्यक्ति व्यक्तिले भोग्नुपरेको छ। त्यसैले यो हरेक व्यक्तिका लागि सरोकारको विषय हो। मिडियाले यस सवालमा 'क्याटालिष्ट' (यस मुद्दामा संवाद र अभिव्यक्तिको गतिलाई तीव्र बनाउँदै अभिमत बनाउने) र 'स्पिन डाक्टर' (सरोकारका विषय वा पक्षमा माहोल बनाउने वा अजेण्टा सेटिङ्ग गर्ने) को भूमिका खेल्न सक्ने जानकाहरू बताउँछन्। संयुक्त राष्ट्रसङ्घको न्युज साइटमा प्रसिद्ध वातावरण पत्रकार एन्ड्र्यू रेभकिनको अनुभव उल्लेख गर्दै मिडियाले पाँच वटा भूमिका खेल्नसक्ने उल्लेख छ।

यसमा सत्य जानकारी दिन अभियान चलाउने, सहकार्य बढाउन प्रेरित गर्ने, जलवायु समस्यासँग जुध्न सहयोगी वातावरण बनाउने, स्थानीय सन्दर्भ र सामाजिक पक्षहरूको विश्लेषण गरी जलवायु न्यायसँग सम्बन्धित कथाहरू उधिन्ने, भ्रम र गलत समाचारविरुद्ध लड्न साझा विश्वास एवं सहभागिता बढाउने तथा प्रमाण र अनुसन्धानमा आधारित वैज्ञानिक ज्ञानको पैरवी गर्ने पक्ष रहेका छन्।

जलवायु मामिलाका जानकार माइक एस सफर (२०१५) ले 'जलवायु परिवर्तन र मिडिया' शीर्षकको अनुसन्धानमूलक विचारमा भन्नुभएको छ, 'मिडिया सञ्चार, विशेषगरी टेलिभिजन, रेडियो, पत्रपत्रिका वा इन्टरनेटजस्ता आमसञ्चार माध्यम नागरिक चेतना अभिवृद्धि, मानवजन्य जलवायु परिवर्तनबारे चेतना र ज्ञान हासिल गर्ने एक महत्वपूर्ण स्रोत हुन्।' संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले जलवायु परिवर्तनसम्बद्ध पत्रकारहरूका लागि बनाएको हातेपुस्तकमा जलवायु परिवर्तनका कारण सिर्जित डर र निराशा घटाउन तथा नयाँ प्राविधिक अवधारणाहरू बुझ्न प्रभावकारी सन्देश प्रवाह गर्नु जलवायु पत्रकारिताको मुख्य उद्देश्यमध्ये एक हो भनेर उल्लेख गरिएको छ। यसबारे थप प्रष्ट पार्दै भनिएको छ, 'जलवायु परिवर्तन सजिलै जानेवाला छैन। यो राम्रो हुनुभन्दा पहिले अझ खराब हुनेछ। त्यसपछि आममानिसले थप जानकारी माग्नेछन्। यो विवेकपूर्ण र जिम्मेवार मिडिया व्यवस्थापकहरूले आमदर्शकको सेवा गर्ने र क्रियाशीलता बढाउने अवसर हो। यसर्थ मिडियाले विज्ञान र सेवा प्रदायकलाई जोड्ने महत्वपूर्ण कडीका रूपमा विषयवस्तु प्रदान गर्नेछन्।'

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष एवं राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा जलवायु परिवर्तनका मुद्दाको उठानले ज्यान बचाउन, नीति परिवर्तन गर्न र मानिसहरूलाई सुसूचित निर्णय लिन सशक्त बनाउने भएकाले सोहीअनुसार भूमिका निर्वाह गर्नुपर्ने बताउनुहुन्छ। 'सबैभन्दा महत्वपूर्ण कुरा मिडियामा सुसूचित रिपोर्टिङका माध्यमबाट जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि भइरहेका गतिविधि, तयारी र देशभित्रका कथाव्यथालाई विश्वभर पु¥याउनु हो,' झाले भन्नुभयो, 'यसले धनी र शक्तिशाली देश तथा त्यहाँका नागरिक संस्थाहरूलाई जलवायु संवेदनशील क्षेत्र र समुदायहरूसँग एकजुट भएर काम गर्न उत्प्रेरित गर्नसक्छ। यसर्थ, सगरमाथा संवादलाई पनि हामीले यस्ता आवाज मुखरित गर्ने थलोका रूपमा विकास गर्न जरूरी छ। यसमा मिडियाको भूमिका नै प्रखर भएर आउनुपर्छ।' रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# राष्ट्रियसभामा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफल सम्पन्न

**काठमाडौँ ।**
राष्ट्रियसभामा आगामी आर्थिक वर्ष २०८२ / ८३ का लागि प्रस्तुत विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) माथिको छलफल सम्पन्न भएको छ । सभाको बुधवारको बैठकमा उक्त छलफलमा भाग लिँदै सांसद सोनाम गेल्जेन शेर्पाले वित्तीय अनुशासन कायम गरी उच्च प्रतिफल दिने योजना अघि बढाउनुपर्नेमा जोड दिए । उनले कानुनी र नीतिगत सुधार गरेर लगानी मैत्री वातावरण बनाउन सुझाव दिए ।

सांसद आनन्दप्रसाद ढुङ्गानाले मौलिक हकको कार्यान्वयन गरी जनतामा आशा जगाउने योजना ल्याउन आग्रह गरे । सांसद जयन्तीदेवी राईले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताबीच तालमेल नदेखिएको जनाउँदै यसले जनअपेक्षा पूरा गर्न नसक्ने बताईन ।

सांसद पूजा चौधरीले कृषि क्षेत्रलाई प्रोत्साहन गर्ने योजना ल्याउन सुझाव दिँदै चुरे संरक्षणमा ध्यान दिन आग्रह गरिन । सांसद मनरुपा शर्माले आगामी आवको बजेटको सिद्धान्त र प्राथमिकताले जनतामा आशा जगाउन नसकेको बताईन ।

सांसद जितजङ्ग बस्नेतले संरचनात्मक सुधारमा जोड दिँदै मौलिक हक र राज्यका निर्देशक सिद्धान्त कार्यान्वयनको योजना ल्याउन सुझाव दिए ।

सांसद उदयबहादुर बोहराले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा उठेका विषयलाई बजेटमा समावेश गर्नुपर्ने बताए ।

सांसद कृष्णप्रसाद पौडेलले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा थुप्रै सकारात्मक विषय रहेको जनाउँदै सोहीअनुसारको बजेट निर्माण गर्न सुझाव दिए ।

सांसद घनश्याम रिजालले नीति तथा कार्यक्रममाथिको छलफलबाट प्राप्त सुझाव विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा नसमेटिएको उल्लेख गर्दै यसले जनअपेक्षा पूरा गर्न नसक्ने बताए ।

सांसद युवराज शर्माले प्रस्तुत सिद्धान्त र प्राथमिकताले स्पष्ट गन्तव्य किटान गरेको जनाउँदै छलफलका क्रममा उठेका विषयलाई बजेटमा समावेश गर्न सुझाव दिए । सांसद दुर्गा गुरुङले समावेशी विकास र सामाजिक न्याय कायम गर्दै विकासको लाभमा आम नागरिकको पहुँच स्थापित गर्ने लक्ष्य विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले लिएको बताए ।

सांसद विष्णुदेवी पुडासैनीले सिद्धान्त र प्राथमिकतामा समेटिएका विषय कार्यान्वयन गर्न राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वबीच कार्यसम्पादन सम्झौता हुनुपर्ने बताईन ।

सांसद उर्मिला अर्यालले विकासको लाभलाई समावेशी र सामाजिक न्यायमा प्रत्याभूत गर्ने, स्वाधिन राष्ट्रिय अर्थतन्त्रमा सबैको सहभागिताको उपेक्षा गरिएको सिद्धान्त र प्राथमिकता दिशाहीन भएको बताईन ।

सांसद इन्दिरादेवी गौतमले प्रस्तुत आगामी आवको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले मुलुकलाई समृद्धितर्फ डोहो¬याउने विश्वास व्यक्त गरिन ।रासस

## व्यवहारिक र वस्तुनिष्ठ बजेट निर्माण हुनेछः उपप्रधानमन्त्री पौडेल

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका आधारमै आगामी आवको बजेट निर्माण गरिने बताएका छन । राष्ट्रियसभामा आगामी आर्थिक वर्ष २०८२ ÷ ८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा उठेको प्रश्नको बुधवार जवाफ दिँदै उनले बजेट कार्यान्वयनमा देखिएको बाधा हटाएर सरकार अघि बढ्ने स्पष्ट पारे ।

'व्यवहारिक र वस्तुनिष्ठ बजेट निर्माण र कार्यान्वयनको सुनिश्चितता गरिनेछ, बजेट कार्यान्वयनबाट मुलुक र आम नागरिकले प्रतिफल प्राप्त गर्छन, उनले भने । उनले छलफलबाट प्राप्त सुझावलाई बजेट निर्माण गर्दा ख्याल गरिने प्रतिबद्धता व्यक्त गरे ।

अर्थमन्त्री पौडेलले विकासको ढाँचा, गति र संस्कृतिक परिवर्तन गर्नुपर्ने कुरालाई सिद्धान्त र प्राथमिकताले जोड दिएको बताए । 'अहिलेको विकासको ढाँचा, गति र संस्कृतिले कही पु¥याउँदैन, अब त्यसमा परिवर्तन आवश्यक भएको अनुभूतिका आधारमा सिद्धान्त र प्राथमिकता प्रस्तुत भएको छ', उने भने । नीति तथा कार्यक्रमसँग सिद्धान्त र प्राथमिकताको मेल खाएको र नीति कार्यक्रमलाई अनुसरण गर्दै सिद्धान्त र प्राथमिकता आएको उनको भनाइ छ । उपप्रधानमन्त्री पौडेलले सिद्धान्त र प्राथमिकताले सन्तुलित र समन्यायिक विकासलाई जोड दिएको, रोजगारी, स्वरोजगारी र गरिबी निवारणलाई महत्व दिएको बताए ।रासस

## 'सगरमाथा संवाद अन्तरराष्ट्रिय मञ्चमा नेपालको उपस्थितिका लागि महत्त्वपूर्ण'

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालले आयोजना गरेको सगरमाथा संवाद जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्यमा केन्द्रित हुने र यो मञ्चमा जलवायु परिवर्तनको वर्तमान अवस्था र यसले निम्त्याइरहेका चुनौतीबारे बृहत् छलफल हुने बताएकी छन ।

'दक्षिण एसियाका लागि जलवायु अनुकूलन र सहनशीलता'सम्बन्धी बुधवार काठमाडौँमा आयोजित कार्यशालामा उनले जलवायु परिवर्तन कुनै एक देशको मात्र नभएर विश्वव्यापी समस्या रहेकाले सोही बमोजिमको प्रतिबद्धता, सहकार्य र समन्वय आवश्यक पर्ने स्पष्ट गरे ।

मन्त्री डा राणाले भनिन, 'यो साझा समस्यासँग जुध्नका लागि हाम्रा मात्र प्रयासहरू पर्याप्त छैनन् । त्यसैले सबैको सामूहिक सहकार्य र समन्वयका लागि साझा मञ्च निर्माण गर्न नेपालले सगरमाथा संवादको आयोजना गरिएको हो । त्यसैले यो सबैको साझा मञ्च हो ।'

हालैका वर्षहरूमा नेपालले तापक्रम वृद्धि, अनियमित वर्षा र बाढी, हिमताल विस्फोट, खडेरी, वन डढेलोलगायत जलवायुजन्य गम्भीर प्राकृतिक विपद्को सामना गरिरहेको दृष्टान्त पेस गर्दै यस्ता समस्याहरूको दीर्घकालीन समाधान खोज्न यो कार्यक्रम महत्त्वपूर्ण रहने मन्त्री राणाले विश्वास व्यक्त गरिन ।

उनले भनिन, 'नेपालले जलवायु परिवर्तनको अकल्पनीय क्षति बेहोरिरहेको वर्तमान अवस्थामा सामूहिक वकालत गर्न र नेपालले विश्व मञ्चहरूमा उठाउँदै आएको जलवायु न्यायको आवाजलाई थप बुलन्द पार्न यो सम्मेलन महत्त्वपूर्ण हुनेछ ।'

मन्त्री डा राणाले आगामी शुक्रबारदेखि काठमाडौँमा आयोजित हुने यस कार्यक्रम अन्तरराष्ट्रियस्तरमा नेपालको उपस्थितिका लागि एक महत्त्वपूर्ण मञ्च रहेकाले जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रीय र विश्वव्यापी महत्त्वका गम्भीर मुद्दाहरूमा छलफल हुने जानकारी दिईन ।

मन्त्री डा राणाले नेपालले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन लागू गरेको र यससम्बन्धी नीति तथा रणनीतिक कार्ययोजनाहरू निर्माण गरी काम गरिरहेको जानकारी गराईन । नेपाल पेरिस सम्झौताको कार्यान्वयनप्रति प्रतिबद्ध रहेको बताउँदै सरकारले हरित ऊर्जाको प्रवद्र्धन, विद्युतीय सवारीसाधनको प्रयोग, सामुदायिक वनसहित वन विस्तारलाई प्रोत्साहन तथा जलाशय, राष्ट्रिय निकुञ्ज र अन्य प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी नीतिहरू लिएको उनले उल्लेख गरिन । रासस

## 'सांसदको सङ्ख्या घटाऔँ, संसद् बाहिरबाट मन्त्री नियुक्त गरौँ'

**काठमाडौँ ।**
राष्ट्रियसभाको बुधवारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता नारायणकाजी श्रेष्ठले यथास्थितिवादको निरन्तरतामा रहेको आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले मुलुकको विद्यमान समस्या समाधान गर्न चुनौतीपूर्ण देखिएको बताएका छन ।

बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा भाग लिँदै उनले संरचनात्मक परिवर्तनसहितको क्रमभङ्गता अन्त्य गरी मुलुकलाई सङ्कटबाट जोगाउने किसिमले अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याए ।

'राजनीतिक अस्थिरता अन्त्य गर्न शासकीय स्वरुपमा परिवर्तन गरौँ, महँगो र भ्रष्टीकृत निर्वाचन प्रणाली फेरेर पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाऔँ, सांसदलाई कानुन बनाउन केन्द्रित गरौँ, मन्त्री संसद् बाहिरबाट नियुक्त गरौँ', नेता श्रेष्ठले भने ।

सुशासनका क्षेत्रमा ठोस कार्यक्रम ल्याउनुपर्नेमा जोड दिँदै पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका श्रेष्ठले कमजोर विधिको शासन र भ्रष्टाचारीको संरक्षण गर्ने प्रवृत्ति अब अन्त्य गर्नुपर्ने बताए । 'अब निरन्तरतामा क्रमभङ्गता आवश्यक छ । सुशासन, मितव्ययिता आवश्यकता हो', उनले भने, 'सांसदहरूको सङ्ख्या, मन्त्रिमण्डल र प्रदेशसभा सांसद तथा प्रदेश मन्त्रिमण्डलको सङ्ख्या घटाऔँ, अब नयाँ ढङ्गले जानेबाहेक कुनै विकल्प छैन ।'

राज्यका विभिन्न अङ्गको पुनरावलोकन र पुनःसंरचनाको आवश्यकता औँल्याउँदै उनले विश्वविद्यालय, न्यायालय, संवैधानिक निकायमा राजनीतिक भागबण्डा बन्द गर्नुपर्नेमा जोड दिए ।रासस

## संवैधानिक परिषद्सम्बन्धी विधेयक दफावार छलफलका लागि समितिमा

**काठमाडौँ।**
राष्ट्रियसभाले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ ।

सभाको बुधवारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नुभएको सो प्रस्तावलाई सभाले सर्वसम्मतिबाट स्वीकृत गरेको हो ।

बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्यहोरा जानकारी गराएका थिए । राष्ट्रियसभाको अर्को बैठक आगामी जेठ ५ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्नेछ ।रासस

## गैरआवासीय नेपाली सङ्घलाई एकताबद्ध, मर्यादित र उद्देश्यकेन्द्रित बनाउन प्रधानमन्त्रीको आग्रह




**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले गैरआवासीय नेपाली सङ्घलाई एकताबद्ध, मर्यादित र उद्देश्यकेन्द्रित बनाउन आग्रह गरेका छन ।

सङ्घद्वारा आयोजित 'एनआरएनए ग्लोबल कन्क्लेभ' को बुधवार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले यो संस्थाको उद्देश्यसँग नमिल्ने प्रवृत्तिहरु देखापर्नु उचित नहुने भनाइसहित सङ्कीर्ण भावना त्यागेर उन्नतस्तरको एकतामा लाग्न आग्रह गरे ।

'आपसमा मिलेर एकताबद्ध भएर जानुपर्ने यस किसिमको साझा संस्थामा विवाद हुनु राम्रो होइन । व्यक्तिका लागि विधान फेर्ने ढङ्गले संस्था चल्न सक्दैन । यसमा विवेक र तर्कले काम गरोस् । व्यक्तिगत स्वार्थका लागि जे पनि गर्ने थलोका रुपमा यो विकास नहोस', प्रधानमन्त्री ओलीले भने, 'नेपाली डायस्पोराका हकहितका साथै आपसी चिनजान, नेपाली संस्कृति परम्पराको निरन्तरता र देशका लागि के योगदान गर्न सकिन्छ भन्ने पवित्र उद्देश्यबाट तपाईंहरु विचलित हुनहुँदैन । यसमा दलीय राजनीति गर्नुहुँदैन र यसमा विभाजनको प्रयास सफल हुँदैन । विधिसम्मत कुरामा नेपाल सरकारको साथ रहनेछ ।'

एनआरएन महाधिवेशनमा यसअघि भएको अर्मादित र अभद्र गतिविधिबाट समाजमा राम्रो सन्देश नगएको उल्लेख गर्दै उनले विधि प्रक्रियासहित लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात् गरी अघि बढ्न गैरआवासीय नेपाली समुदायसँग अनुरोध गरे ।

उनले एनआरएनको वर्तमान अध्यक्ष डा बद्री केसीको वैधानिक कार्यकाल अझै कायम रहेकाले यसले लोकतान्त्रिक र विधिसम्मत ढङ्गबाट महाधिवेशन गरी नेतृत्व हस्तान्तरण गर्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले गैरआवासीय नेपालीसँग सम्बन्धित कानुनमा गर्नुपर्ने संशोधनका लागि प्राप्त सुझावका आधारमा सरकारले काम गर्ने प्रतिबद्धता जनाए । रासस

## प्रधानमन्त्रीद्वारा प्रेस चौतारी नेपालको प्रशिक्षण वर्ष–२०८२ को 'लोगो' सार्वजनिक

**काठमाडौँ ।**
प्रेस चौतारी नेपालको प्रशिक्षण वर्ष २०८२ को लोगो औपचारिक रूपमा सार्वजनिक गरिएको छ ।

मङ्गलबार साँझ बालुवाटारमा आयोजित कार्यक्रममा नेकपा (एमाले)का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले लोगो सार्वजनिक गरेका हुन । प्रेस चौतारी नेपालले २०८२ लाई प्रशिक्षण वर्षको रूपमा लिएको छ ।

बालुवाटारमा आयोजित जनसङ्गठनका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई दिन आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले लोगो सार्वजनिक गर्दै मर्यादित र व्यावसायिक पत्रकारिता क्षेत्रको विकास र पत्रकारको सशक्तीकरणका लागि प्रेस चौतारीले थालेको यो अभियानको प्रशंसा गरे ।

'झूटा कुरालाई होइन, सत्यलाई साथ दिनुस्, तथ्य राखेर सत्यलाई स्थापित गर्ने काममा लाग्नुस्, सोसल मिडिया, डिजिटल प्लेटफर्मतिर अफवाह फैलाउने झूटका पुजारीहरूलाई प्रमाण राखेर सही बाटोमा आउन बाध्य पार्नोस', प्रधानमन्त्री ओलीले भने ।

उनले सामाजिक सञ्जालमा फैलाइएका भ्रम चिर्न पनि महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । 'सामाजिक सञ्जालमा ताल र सुरु बिनाका पिपिरी बाजा बजाउनेहरूलाई जवाफ दिनुहोस', उनले भने । प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेले प्रशिक्षण वर्ष २०८२ अन्तर्गत सातवटै प्रदेश र ७७ वटै जिल्लामा पत्रकारहरूका लागि आधुनिक पत्रकारिता, डिजिटल माध्यम, प्रेस स्वतन्त्रता र श्रम अधिकारजस्ता विषयमा प्रशिक्षण सञ्चालन गर्ने जानकारी दिए । यसले चौतारी आबद्ध पत्रकारहरू वैचारिक रूपमा मजबुत र वैचारिक रूपमा अब्बल हुने पाण्डेले बताए ।

तालिमले व्यावसायिक र मर्यादित पत्रकारितामा योगदान पु¬याउने उनको दबी छ । 'यो वर्ष हामीले देशभरिका पत्रकारलाई प्रत्यक्ष प्रशिक्षण दिने लक्ष्य लिएका छौँ, प्रशिक्षणले पत्रकारहरूको व्यावसायिक क्षमता वृद्धिसँगै मिडिया क्षेत्रलाई थप मर्यादित, उत्तरदायी र जनमुखी बनाउन मद्दत गर्नेछ, जिल्ला शाखाले कम्तीमा तीन वटा प्रशिक्षण कार्यक्रम राख्ने छन', उनले भने । प्रेस चौतारी नेपाल प्रगतिशील व्यवसायी पत्रकारहरूको क्षेत्रमा विगत २७ वर्षदेखि काम गर्दै आएको संस्था हो ।

पत्रकारहरूको अधिकार, पेसागत हित र नीति निर्माणमा सङ्गठनले अग्रणी भूमिका खेल्दै आएको छ । सङ्गठनमा सात हजारभन्दा बढी पत्रकार आबद्ध छन् । कार्यक्रममा जनसङ्गठन समन्वय संयन्त्रका संयोजक भानुभक्त ढकाल, एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमलगायतका नेताहरूको सहभागिता रहेको थियो ।रासस

## संविधान र व्यवस्थाविरोधी क्रियाकलाप सह्य नहुनेः गृहमन्त्री लेखक




**विराटनगर ।**
गृहमन्त्री रमेश लेखकले संविधान र व्यवस्थाविरोधी क्रियाकलाप सैह्य नहुने बताएका छन ।

नेपाल प्रेस युनियन मोरङ शाखाद्वारा बुधवार आयोजित पत्रकार भेटघाटका अवसरमा गृहमन्त्री लेखकले संविधान र व्यवस्थाको विरोध गर्ने छुट कसैलाई पनि नभएको स्पष्ट गरे ।

संविधान कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरीको पहिचान गरी राष्ट्रिय सहमतिको आधारमा संशोधन गर्ने उद्देश्यका साथ एक कार्यदल बनाउन लागेको उल्लेख गर्दै उहाँले संविधान संशोधन गर्नुपर्ने आवश्यकता बोध गरी चरणबद्धरुपमा छलफल–बहस भइरहेको बताए ।

गृहमन्त्रालयअन्तर्गत विभिन्न नीतिगत तथा कानुनी सुधारका पक्षमा प्राथमिकताका साथ काम भइरहेको जानकारी दिँदै उनले शान्तिसुरक्षा कायम गर्न महत्वपूर्ण भूमिकामा रहेको प्रहरी सङ्गठनलाई सुदृढ र बलियो बनाउने गरी यसै आर्थिक वर्षमा प्रहरी ऐन ल्याइने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रिय परिचयपत्र जनताको घरघरमा पु¥याउन आवश्यक व्यवस्था गर्न लागेको जानकारी दिँदै गृहमन्त्री लेखकले बदलिदो परिवेशमा चुनौतीका रुपमा देखिएका लागुऔषध कारोवार, आत्महत्या, सडक दुर्घटना, अवैध निकासी–पैठारीलगायतका पक्षलाई सम्बोधन गरी जनताको जिउधनको सरक्षासहित मुलुकमा शान्तिसुरक्षा, अमनचयन कायम गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

उनले मुलुकको अर्थव्यवस्थालाई बलियो बनाउन सीमा क्षेत्रमा हुने अवैध धन्दा नियन्त्रण गर्न सुरक्षा संयन्त्रलाई ३० दिनको समयसी ताकी स्पष्ट निर्देशन दिएको जानकारी गराउँदै गृहमन्त्री मन्त्री लेखकले भने,'परिणामस्वरुप यसअघिको तुलनामा अहिले मुलुकको राजश्वमा वृद्धि भएको छ । पछिल्लो १० महिनामा शान्तिसुरक्षा एवं सुशासनका क्षेत्रमा उल्लेखनीय काम भएका छन् ।'

सञ्चारकर्मीको एक जिज्ञासामा गृहमन्त्री लेखकले श्रमजीवी पत्रकारको सेवा, सुविधा र पारिश्रमिक सुनिश्चित गर्नेगरी आवश्यक नीतिगत व्यवस्थका लागि सम्बन्धित मन्त्रालयसँग छलफल भइरहेको जानकारी दिए ।

नेपाल प्रेस युनियन मोरङ शाखाका सभापति वेदराज पौडेलको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा गृहमन्त्री लेखकले लोकतन्त्रमा सबैभन्दा महत्वपूर्ण रुपमा लिइने प्रेस स्वतन्त्रता जीवन्त हुनुपर्नेमा जोड दिँदै जोखिमपूर्ण अवस्थामा रहेको पत्रकारिता पेशासम्बद्ध समस्या र चुनौतीको मिलेर सामना गर्नुपर्ने धारणा व्यक्त गरे ।रासस

# प्रधानमन्त्री रोजगार कार्यक्रमः बाँझो बारीमा आलुखेती



**पर्वत ।**
मोदी गाउँपालिकाले आम्दानी वृद्धि गर्ने उद्देश्यले १५ वर्षदेखि बाँझो रहेको बारीमा व्यावसायिक आलुखेती गरेको छ । पालिकाले क्याङमा आलुखेती थालेको हो ।
मोदी गाउँपालिका रोजगार सेवा केन्द्रका प्रमुख अनमोल क्षेत्रीका अनुसार पहिलोपटक छ रोपनीमा परीक्षणका लागि गरिएको आलुखेती सफल भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत नियुक्त भएका श्रमिकलाई परिचालन गरेर आलुखेती हो ।
व्यावसायिक आलुखेतीका लागि बीउ र मल खरिद गर्न पालिकाले रु ९५ हजार लगानी गरेको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकले उक्त खेती गरेका हुन् । प्रधानमन्त्री रोजगार कार्यक्रम निष्प्रभावी भइरहेको गुनासो आइरहेका बेला पालिकाले कृषिजन्य उत्पादनमूलक क्षेत्रमा परिचालन गरेको क्षेत्रीले बताए ।
मोदी गाउँपालिकाको वडा नं १, ३ र ४ आलु उत्पादनका लागि 'पकेट' क्षेत्र मानिन्छन् । लामो समयसम्म बाँझो रहेको जमिन उपयोग गरेबापत पहिलो वर्ष निःशुल्क जग्गा प्राप्त भएको र आगामी आर्थिक वर्षदेखि जग्गा भाडामै लिएर आलुखेती गर्ने योजना पालिकाको रहेको गाउँपालिका अध्यक्ष हीरादेवी शर्माले बताए । उनले ५० क्विन्टलभन्दा बढी उत्पादन हुने अनुमान सुनाए ।
पालिकाले हरेक वर्ष १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकलाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गर्दै आएको छ । उनीहरूलाई सडक मर्मत, गोरेटो तथा पदमार्ग निर्माण, सार्वजनिकस्थल, चौतारी, पोखरी, मठमन्दिर मर्मत तथा निर्माणलगायत काममा परिचालन गर्ने गरिएको छ । रासस

# तामाखानी उत्खनन्का लागि खोजतलास शुरु

**बागलुङ ।**
बागलुङको तमानखोला गाउँपालिका–६ नर्जाखानीमा तामाखानी उत्खननका लागि खोजतलास सुरु भएको छ । खानी तथा भूगर्भ विभागले अनुमति दिएपछि खोजतलास सुरु भएको हो । तमानखोलाको दर्जनौँ स्थानमा तामाखानी छन् ।
त्यहाँ रहेको तामाखानीहरु विसं १९८१ सम्म सञ्चालनमा थिए ।
सरकारले खानीलाई करको दायरामा ल्याएपछि बन्द भएका थिए । खानी तथा भूगर्भ विभागले अध्ययन तथा अनुसन्धानका लागि २०८४ असोज १४ गतेसम्मका लागि अनुमति दिएपछि खानीको खोजताल सुरु भएको हो ।
हाल विकप्लस मिनिलर प्रालीले नर्जाखानीका विभिन्न ठाउँमा खानीको खोजतलास गरिरहेको छ । उक्त क्षेत्रमा सतहमा तामा सामान्य रुपमा देखिएको विकप्लस मिनिलर प्रालीका भूर्गवशास्त्री बलराम कार्कीले जानकारी दिए ।
उनका अनुसार यस क्षेत्रमा तीन चरणका अनुसन्धान हुनेछ । त्यसबाट राम्रो नतिजा आयो भने उत्खनन गर्न सकिनेछ । अबको एक वर्षभित्रमा तीनै चरणको अध्ययन सकिने गरी काम भइरहेको कार्कीले बताए । अहिले नर्जाखानी क्षेत्रमा प्राविधिक खटिएर धमाधम अध्ययन गरिरहेको छ ।
'अनुसन्धानका धेरै चरणहरु हुन्छन्, हामीहरु अहिले पहिलो चरणको अनुसन्धानमा छौँ, जुसलाई 'जियोफिजिक सर्भे' भन्छौँ, यसबाट राम्रो नतिजा आयो भने दोस्रो चरणको टेस्ट ड्रिलिङ गर्छौं र त्यसपछि फाइनल ड्रिलिङ गरी राम्रो नजिता आए, उत्खनन गर्छौं', भूर्गवशास्त्री कार्कीले भने, 'यसको उत्खनन गर्न रु २० देखि २२ अर्ब लाग्छ, यति रुकम लगानी गरेर खानी सञ्चालन गर्न सक्छौँ कि सक्दैनौँ भनेर खोजतलास गरिरहेका हौँ ।'
तमानखोलाको नर्जाखानी, भित्रीवन र पाल्लेगाउँको धेरै स्थानमा तामाखानीका सुरुङ र अवशेष प्रशस्तै छन् । बन्द भएका खानी उत्खननका लागि अध्ययन हुँदा स्थानीय खुसी भएका छन् । तमानखोला गाउँपालिका–६ का अध्यक्ष चित्र छन्त्यालले बाउबाजेले खानेको खानी उत्खनन गर्नसके गाउँलेको जीवनस्तर उकासिने बताउछन ।
उनले भने, 'यहाँका खानीहरुसँग हाम्रो पहिचान जोडिएको छ, हाम्रो समुदायका मानिसको इतिहास जोडिएको छ, अहिले पनि हाम्रो गाउँमा सयौँ ठाउँमा पहिले तामा निकालेको डोबहरु छन्, ती खानीहरुबाट तामा निकाल्न पाए, यस क्षेत्रका नागरिकको जीवनस्तर परिवर्तन हुने थियो, आर्थिक रुपमा मजबुत हुने थिए भने युवाले गाउँमै रोजगार पाउने थिए ।
तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले लामो समयको प्रयासपछि तामाखानीको अध्ययन गर्न थालिएको बताए । तामानखानीको अध्ययन अहिलेसम्म सकारात्मक देखिएको अध्यक्ष बुढामगरले बताए ।रासस

# सरकारी कारोबारमा हरेक वर्ष बेरुजु बढ्दै जानु सुशासनका लागि चुनौतीपूर्णः राष्ट्रपति



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष महालेखा परीक्षकले आर्थिक वर्ष २०८०÷२०८१ को वार्षिक प्रतिवेदन पेस गरेका छन ।
राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलसमक्ष महालेखा परीक्षक तोयम रायाले प्रतिवेदन पेस गरेका हुन ।
सो अवसरमा राष्ट्रपति पौडेलले आर्थिक अनुशासन कायम गर्न र वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक निकायका पदाधिकारीहरू अझ बढी जिम्मेवार र जवाफदेही बन्नु आवश्यक रहेको बताए ।
'सरकारी कारोबारमा हरेक वर्ष बेरुजु बढ्दै जानु सुशासनका लागि चुनौतीपूर्ण अवस्था हो, सुशासन कायम गराउन सरकारी कोष सञ्चालन गर्ने सम्बद्ध सबै पदाधिकारीलाई थप जिम्मेवार र जवाफदेही बनाउने सन्दर्भमा महालेखा परीक्षकको भूमिका महत्वपूर्ण हुन्छ भन्ने मैले ठानेको छु', राष्ट्रपति पौडेलले भने ।
विगत लामो समयदेखि सरकारी खर्चमा बढ्दै गएको बेरुजु गम्भीर चासो र सरोकारको विषय बनेको उनको भनाइ थियो । 'वर्तमान परिस्थितिमा सरकारी खर्च गर्दा प्रचलित कानुनको परिपालना एवं आर्थिक अनुशासनलाई अझ बढी ध्यान दिनुपर्ने आवश्यकता छ', राष्ट्रपति पौडेलले भने ।
उनले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गराउन महालेखा परीक्षकले आगामी दिनमा थप सशक्त भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।
उनले महालेखा परीक्षकबाट सरकारी वा सार्वजनिक स्रोतसाधन तथा सम्पत्तिको सदुपयोग भए नभएको, अनियमितता वा हानिनोक्सानी भए नभएकोसमेतको विषय परीक्षण हुँदै आएको सन्दर्भमा यस प्रतिवेदनमा औँल्याइएका विषयहरूले सम्बन्धित निकायलाई आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्वप्रति थप सजग गराउने विश्वास व्यक्त गरे ।रासस

# भविष्यका चुनौतीहरूको सामना गर्न शान्तिरक्षा सञ्चालनलाई सुदृढ पार्न गुटेरेसको आह्वान

**बर्लिन ।**
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले समकालीन र भविष्यका चुनौतीहरूको सामना गर्न थप सान्दर्भिक बनाउन शान्तिरक्षा अभियानलाई बलियो बनाउन आह्वान गरेका छन ।
विश्वभरका द्वन्द्व क्षेत्रहरूमा शान्ति सैनिकहरूको बलिदान र योगदानको प्रशंसा गर्दै उनले शान्ति स्थापना शान्ति प्राप्तिका लागि एक केन्द्रीय उपकरण रहेको कुरामा जोड दिए ।
जर्मनीले आयोजना गरेको शान्ति स्थापनाको भविष्यसम्बन्धी मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै गुटेरेसले भने, 'संयुक्त राष्ट्रसङ्घको स्थापना हामीले एकताबद्ध मानव परिवारको रूपमा काम गरेमा शान्ति सम्भव छ भन्ने विश्वासमा भएको थियो । संयुक्त राष्ट्र शान्तिरक्षकहरू वा ब्लु हेलमेटहरू देशहरूलाई द्वन्द्वबाट शान्तितिर सार्न मद्दत गर्न एकजुट हुने विश्वको क्षमताको सबैभन्दा विश्वव्यापी मान्यता प्राप्त प्रतीक हो ।'
उनले कम्बोडिया, आइभरी कोस्ट, एल साल्भाडोर, लाइबेरिया, नामिबिया, मोजाम्बिक, सिएरा लियोन र टिमोर–लेस्टेसहित संयुक्त राष्ट्रसङ्घको शान्तिरक्षा बलको सहयोगमा स्थायी शान्ति हासिल गरेका धेरै देशलाई उद्धृत गर्दै यी देशमध्ये धेरैले हाल शान्तिरक्षा कारबाहीमा सेनाको योगदान पुर्‍याइरहेको उल्लेख गरे ।
यद्यपि उनका अनुसार चार हजार चार सयभन्दा बढी शान्तिरक्षकले कर्तव्यको रेखामा आफ्नो ज्यान गुमाइसकेका छन् ।
उनले अझ जटिल र सीमापार द्वन्द्व, विश्वव्यापी ध्रुवीकरण, गलत सूचना, आतङ्कवाद, जलवायुसम्बन्धी अस्थिरता र अन्तर्राष्ट्रिय कानूनको व्यापक अवहेलनासहित शान्ति स्थापनाका लागि आज बढ्दो चुनौतीहरूको सामना गर्नुपरेको स्वीकार गरे ।
गुटेरेसले शान्ति रक्षा अपरेसनहरू अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा निर्माणका लागि सबैभन्दा लागत प्रभावी उपकरणहरू मध्ये एक भएको उल्लेख गरे ।
उनले राष्ट्रसङ्घका सबै १९३ सदस्य राष्ट्रलाई आफ्नो वित्तीय प्रतिबद्धता पूरा गर्न र वर्तमान र उदाउँदो विश्वव्यापी चुनौतीहरूको सामना गर्न भविष्यका लागि तयार शान्ति मिसनहरू निर्माण गर्न सहयोग गर्न आग्रह गरे । क्युएनए

# नेप्से परिसूचकमा लगातार गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो चार कारोबार दिन लगातार गिरावट देखिएको छ । निरन्तर घटिरहेको नेप्से परिसूचक बुधवार १३ दशमलव ९६ अङ्कले घटेर दुई हजार ६२० दशमलव २७ को विन्दुमा कायम भएको हो ।आज तीन सय १५ कम्पनीको एक करोड ८४ लाख ९६ हजार १३८ कित्ता शेयर एक लाख १२ हजार ५७७ पटक खरिदबिक्री हुँदा आठ अर्ब ७३ करोड ६५ लाख ७० हजार ५०५ रुपैयाँ बराबरको कारोबार भएको हो ।
विकास बैंक समूह एक दशमलव १९ र अन्य समूह दुई दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।
आजको कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज नकारात्मक सर्किट लागेको छ ।
कारोबार रकमका आधारमा आज सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ५९ करोड ३२ लाख ९५ हजार आठ सय १६ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको १२ लाख ९४ हजार चार सय ७१ कित्ता खरिदबिक्री भएको छ ।रासस

# आइसिसी विश्वकप लिग–२ः नेपाली टोलीको बिदाइ

**काठमाडौँ ।**
नेपाल क्रिकेट सङ्घ(क्यान)ले आइसिसी विश्वकप लिग–२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय शृङ्खला खेल्न स्कटल्याण्ड जाने नेपाली क्रिकेट टोलीलाई बुधवार बिदाइ गरेको छ । क्यानका अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्का, केन्द्रीय सदस्य छुम्बी लामालगायतले बुधवार यहाँ आयोजित एक कार्यक्रममा खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका हुन । क्यानका अध्यक्ष चन्दले बेलायतमा हुने अभ्यास खेलले टोलिलाई हौसला प्रदान गर्ने भन्दै लिग–२ शृङ्खलाका लागि शुभकामना प्रदान गरे ।
नेपालले लिग–२ अन्तर्गत स्कटल्याण्ड र नेदरल्याण्डसँग आगमी जुन २ देखि १० तारिख (आगामी जेठ १९–२७ गते) सम्म सिरिज खेल्नेछ । लिग–२ सिरिजपछि नेपालले ती देशसँग टी–२० आई सिरिजसमेत खेल्ने क्यानले जनाएको छ । उक्त सिरिज भने जुन १५ देखि २० तारिख (आगामी असार १–६ गते) सम्म सञ्चालन हुनेछ । लिग–२ खेल्नु अगाडि नेपालले बेलायतको स्थानिय टोली तथा स्टकल्याण्डको 'ए' टोलीसँग अभ्यास खेलसमेत खेल्नेछ ।
लिग–२ को शृङ्खलाका लागि नेपाली टोलीको कप्तान रोहितकुमार पौडेलसँगै उपकप्तान दीपेन्द्रसिंह ऐरी, गुल्सनकुमार झा, आसिफ शेख, करण केसी, सोमपाल कामी, कुशल भुर्तेल, ललितनारायण राजवंशी, अनिलकुमार साह, सन्दीप लामिछाने, भीम सार्की, आरिफ शेख, बसिर अहमद, नन्दन यादव र रिजन ढकाल छन् ।रासस

# उरुग्वेका 'सबैभन्दा गरिब राष्ट्रपति' मुजिकाको ८९ वर्षको उमेरमा निधन

**मोन्टेभिडियो ।**
उरुग्वेका पूर्व राष्ट्रपति जोसे 'पेपे' मुजिका, पूर्व–छापामार लडाकू तथा ल्याटिन अमेरिकी वामपन्थीहरूका नायकको ८९ वर्षको उमेरमा निधन भएको सरकारले मङ्गलबार जनाएको छ ।
देशका वर्तमान राष्ट्रपति यामान्दु ओर्सीले एक्समा भनेका छन, 'गहिरो दुःखका साथ हामी हाम्रा कमरेड पेपे मुजिकाको निधनको घोषणा गर्दछौँ । हामी तपाईँलाई एक पुरानो साथी, राष्ट्रपति, कार्यकर्ता, मार्गदर्शक र नेताका रुपमा धेरै याद गर्नेछौँ ।'
मुजिकाले आफ्नो सन् २०१०–२०१५ को राष्ट्रपति कार्यकालमा आफ्नो धेरैजसो तलब परोपकारका लागि दान गरे र साधारण जीवनशैली अपनाएर 'विश्वको सबैभन्दा गरिब राष्ट्रपति' का रूपमा प्रसिद्धि कमाए ।
उनले फुटबल र गाईको मासुका लागि परिचित ३४ लाख जनसङ्ख्या भएको उरुग्वेलाई भ्रष्टाचार र शक्तिशाली शासनले पीडित महादेशमा प्रगतिशील राजनीतिको गढमा रूपान्तरण गरे ।
सन् २०२४ मे महिनामा उनलाई अन्नप्रणालीको क्यान्सर भएको पत्ता लागेको थियो, जुन पछि उहाँको कलेजोमा फैलियो ।
उनकी श्रीमती लुसिया टोपोलान्स्कीका अनुसार यस हप्ता उहाँले पोलिएटिभ हेरचाह प्राप्त गरिरहेका थिईन ।
उनको निधनमा ल्याटिन अमेरिका र बाहिरका वामपन्थी नेताहरूबाट श्रद्धाञ्जलि व्यक्त भएका छन् ।
बोलिभियाका पूर्व राष्ट्रपति इभो मोरालेसले आफ्ना 'भाइ' मुजिकाको निधनबाट दुःखी भएको बताए । 'म सधैँ अनुभव र बुद्धिले भरिएको उहाँको सल्लाह सम्झन्छु', उनले भने ।
ब्राजिलको सरकारले उनलाई 'हाम्रो समयका सबैभन्दा महत्त्वपूर्ण मानवतावादीहरू मध्ये एक' भनेर सम्मान गरेको छ भने स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले मुजिकाले 'जुन कुरामा विश्वास गरे, अभियान चलाउनुभयो र बाँच्नुभयो' त्यो 'एक राम्रो संसार' थियो भने । आफ्नो छोटो शासनकालमा मुजिकाले गर्भपतन र



समलिङ्गी विवाहलाई वैधानिक बनाए र उरुग्वेलाई मनोरञ्जनात्मक गाँजाको प्रयोगलाई वैधानिक बनाउने विश्वको पहिलो देश बनाए ।
उनले क्यान्सरको निदान पाएपछि पनि वामपन्थका लागि अभियान जारी राखे ।
एएफपीसँगको सन् २०२४ नोभेम्बरको अन्तर्वार्तामा उनले आफ्ना राजनीतिक उत्तराधिकारी, इतिहास शिक्षक ओर्सीको राष्ट्रपति विजयलाई आफ्नो करियरको अन्त्यमा 'पुरस्कार' का रूपमा वर्णन गरेका थिए ।
ठाडो कुरा गर्ने, हिउँ–जस्तै सेतो कपाल भएका राजनीतिज्ञ उपभोक्ता संस्कृतिका कट्टर आलोचक थिए । राष्ट्रपतिका रूपमा उनले कार्यालयका सुविधाहरू अस्वीकार गरे ।
उनि आधिकारिक कार्यक्रमहरुमा चप्पल लगाएर जानुहुन्थ्यो र मोन्टेभिडियोको बाहिरी क्षेत्रमा आफ्नो सानो फार्ममा बस्न जारी राखे । त्यहाँ उनको मूल्यवान सम्पत्ति सन् १९८७ को फोक्सवागन बिटल थियो ।
सन् १९६० को दशकमा उहाँले माक्र्सवादी–लेनिनवादी सहरी छापामार आन्दोलन टुपामारोसको सह–स्थापना गरे । उक्त आन्दोलनले गरिबहरूलाई दिन धनीहरूबाट लुटपाट गर्न थाल्यो तर पछि यसको अभियानलाई अपहरण, बम विस्फोट र हत्याहरुमा विस्तार ग¥यो ।
ती वर्षहरूमा मुजिकाले साहसिक जीवन बिताए । उनले धेरै गोलीका चोटहरू सहनुभयो र सामूहिक जेल ब्रेकआउटमा भाग लिए ।
तर जब सन् १९७२ मा टुपामारोसको पतन भयो, उनलाई फेरि पक्राउ गरियो र उरुग्वेको सन् १९७३–१९८५ को तानाशाही शासनकालमा पूरै जेलमा बिताए । त्यहाँ उनलाई यातना दिइयो र वर्षौं एकान्त कारावास भोगे ।
रिहा भएपछि उनि राजनीतिमा प्रवेश गरे र सन् १९८९ मा वामपन्थी ब्रोड फ्रन्ट गठबन्धनको सबैभन्दा ठूलो सदस्य मुभमेन्ट अफ पपुलार पार्टिसिपेसन (एमपिपि) को स्थापना गरे ।
सन् १९९५ मा संसदमा निर्वाचित हुनुभयो र सन् २००० मा सिनेटर र त्यसपछि उरुग्वेको पहिलो वामपन्थी सरकारमा कृषिमन्त्री बने ।
उनले उरुग्वेको कार्यकाल सीमाअनुसार केवल एक पाँच वर्षे कार्यकाल राष्ट्रपतिको रूपमा सेवा गरे । उनका कुनै सन्तान थिएनन् । एएफपी

# ‘बाढीपहिरोको समस्या समाधान गर्न पूर्वतयारीलाई तीव्रता दिनुपर्छ’: बस्नेत



**काठमाडौँ ।**
*प्रतिनिधिसभाका सांसद मोहनबहादुर बस्नेतले सिन्धुपाल्चोक जिल्लाका विभिन्न ठाउँमा बर्खाको समयमा हुने बाढीपहिरोबाट क्षति रोक्नका लागि सरकारले दीर्घकालीन समाधान खोज्नुपर्ने बताएका छन ।*
*नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका सांसद बस्नेतले बाढीपहिरो र भूकम्पबाट सिन्धुपाल्चोक जिल्ला सबैभन्दा बढी प्रभावित भएको उल्लेख गर्दै सरकारले प्राकृतिक विपद्बाट हुने क्षति कम गर्न पूर्वतयारीलाई तीव्रता दिनुपर्नेमा जोड दिए । प्रतिनिधिसभाका सदस्य बस्नेतसँग राससका समाचारदाता सुशील दर्नालले लिएका अन्तर्वार्ताको सम्पादित अंश ।*

**तपाईं पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ, पटक पटक मन्त्री पनि बन्नुभयो, अहिले प्रतिनिधिसभाको सदस्य पनि हुनुहुन्छ ? तपाईं तीन पटकसम्म मन्त्री बन्दैगर्दा देश र जनताको निम्ति के गर्नुभयो ?**

– म पछिल्लो पटक स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हुँदा जनताको पक्षमा धेरै काम गरेको छु । नेपालमा मेडिकल शिक्षा एकदम राम्रो छ । नेपालको इञ्जिनियरिङ पनि राम्रो छ । साउथ एसियामा उत्कृष्टमा पर्छ । म मन्त्री हुँदा एउटा रु आठ अर्बको ग्लोबल कोष थियो । त्यो कोषलाई मलेरिया र एचआइभी एड्सको न्यूनीकरणका लागि खर्च गरिएको रहेछ । त्यो पैसामध्ये सेभ दि चिन्डे«नले रु तीन अर्ब जति कार्यान्वयन गरेको छैन । त्यो पैसा मैले राज्यको ढुकुढीमा ल्याएको छु । नेपालमा ठूला नेताहरू सामान्य बिरामी हुँदा पनि विदेश जाने चलन छ । तर गरिबलाई ठूलो रोग लाग्दा पनि देशभित्रै पनि उपचार नपाउने अवस्था छ । नेपालमा चिकित्सकहरू दुर्गम क्षेत्र जान नमान्ने समस्या थियो । मैले कसैले भनेको नमानेर करिब आठ सय चिकित्सकलाई दुर्गममा काज फिर्ता गराएको थिएँ । विशिष्ट र अतिविशिष्टको निम्ति भनेर मैले वीर अस्पतालमा उपचारका लागि व्यक्तिगत कक्ष (क्याबिन) हरू बढाइ दिएँ । त्यसको निम्ति १७ जना चिकित्सकको समूह बनाइ दिएँ । ती १७ जनाले विदेश जानुपर्छ भनेर सिफारिस गरेमात्रै विशिष्ट र अतिविशिष्ट उपचारका लागि विदेश जान पाउने व्यवस्था पनि मैले नै गरेको हो । यदी विशिष्ट र अतिविशिष्ट आफ्नै ढङ्गले विदेश उपचार गर्न गएमा त्यसको खर्च सरकारले ब्यहोर्न नसक्ने निर्णय पनि गरेको थियो । त्यसपछि राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री वा मन्त्रीलगायत विशिष्ट र अतिविशिष्ट व्यक्ति सरकारको खर्चमा विदेश जाने गरेका छैनन् । गए पनि आफ्नै व्यक्तिगत खर्चमा जाने गरेका छन् । सङ्घीय अस्पतालमा तीन हजार ५२३ सामान्य शय्याको व्यवस्था गरेको छु । चार प्रदेशका सबै सामान्य शय्या (जनरल बेड) निःशुल्क बनाइदिएको छु । सबै खाले अस्पतालमा १० प्रतिशत उपचारसहितको शय्या निःशुल्क गरिदिएको छु ।

**तपाईं सिन्धुपाल्चोकको जनप्रतिनिधि हुनुहुन्छ, यो जिल्लाले बर्सेनि बाढी, पहिरोको समस्या झेलिरहेको हुन्छ, बाढीपहिरो पहिरोको दीर्घकालीन समाधानको निम्ति तपाईले के–कति काम गर्नुभयो ?**

– पहिलापहिला एकीकृत विकास आयोजना भन्ने हुन्थ्यो । बाढी र पहिरोग्रस्त ठाउँबाट बसाइँ सार्नुपर्छ भनेर ती ठाउँलाई ‘रेडजोन’ घोषणा गर्ने काम पनि भयो । स्टिकर टाँस्ने काम पनि भयो । तर, हाम्रो पहाडमा अलिकति जग्गा जमिन भयो भने त्यहाँ खेतीपाती गर्ने, गाईवस्तुपालन गर्ने, कृषि व्यवसाय गर्नुपर्ने भएकाले कुनै एक ठाउँमा बसाइँ सारेर घरमात्रै बनाइदिएर नहुँदो रहेछ । एकीकृत बस्ती बसालेको ठाउँबाट मानिसले घर छोड्दै हिँड्न थालिसके । किनभने बसाइँ सारेसँगै रोजगारीको कुरा पनि सँगसँगै आउँदो रहेछ । यो सिन्धुपाल्चोकमा मात्रै होइन, बाढी र पहिरो प्रभावित अन्य जिल्लामा पनि अवस्था त्यस्तै छ । जोखिम भएका ठाउँबाट अन्यत्र सार्ने तर उनीहरूलाई रोजगारी वा व्यवसायको कुनै व्यवस्था नहुँदा समस्या हुने गरेको छ । सिन्धुपाल्चोक जिल्ला पानी परिरहने ठाउँ हो । भूकम्पबाट सबैभन्दा बढी प्रभावित जिल्ला हो । दीर्घकालीन समाधानको कुरा गर्दा, सरकारले उचित व्यवस्थापन गर्न नसकेको कारणले अहिले पनि खतराहरू छन् । त्यसका लागि सरकारले नयाँ ढङ्गले सोच्नुपर्छ । सरकारसँग कुनै पनि विपद्को पूर्वतयारी छैन । भूगोल हेरेर बस्ती सार्ने र उनीहरूका लागि रोजगारीको व्यवस्था गर्नु नै दीर्घकालीन समाधान हुन्छ । त्यसको लागि मैले पटकपटक संसद्मा कुरा उठाइरहेको छु । सरकारलाई पनि भनिरहेको छु । बस्ती सारेर मात्रै हुँदैन । त्योसँगै व्यवसाय, शिक्षा, स्वास्थ्यको सुविधा पनि हुनुपर्छ । त्यसकारण सिन्धुपाल्चोकको बाढी र पहिरोको समाधानको निम्ति सरकारले ‘प्याकेज’ विशेष योजना बनाएर कार्यान्वयन गर्नुपर्छ । हाम्रो समस्या भइसकेपछि मात्रै तात्ने बानी छ । हुनसक्ने जोखिमको पूर्वतयारी हुँदैन । प्राकृतिक विपद्लाई रोक्न सकिँदैन । तर बस्तीलाई अन्यत्र सार्न सकिन्छ । मानवीय र भौतिक क्षतिबाट जोगाउन सकिन्छ ।

**देशको व्यवस्था परिवर्तन भएको छ, तर जनताको अवस्थामा खासै परिवर्तन भएको देखिँदैन, युवा पलायन बढ्दो छ, यो युवा पलायन रोक्न सरकारले के गर्नुपर्छ होला ?**

– हामीले युवा पलायनको समस्यालाई सजिलै रोक्न सक्छौँ । तर, हाम्रोमा सकारात्मक काम गर्दा पनि विरोध गर्ने संस्कार विकास हुँदै गएको छ । जति सुकै सकारात्मक काम गरे पनि विरोध गर्नैपर्ने हुन्छ । एकले अर्कालाई विरोध गर्नैपर्ने परिपाटी छ । युवा पलायन तीन थरीका छन् । एउटा शैक्षिक योग्यता भए पनि बेरोजगार भएका, अर्को गुणस्तरीय शिक्षा र अर्को रोजगारीको सिलसिला हो । अध्ययनको निम्ति पलायन भएको जनशक्ति धेरै ठूलो छ । नेपाली विद्यार्थी विदेशमा अध्ययन गर्न जाने क्रममा वार्षिक रुपमा खर्बौं रुपैयाँ नेपालको बाहिर गइरहेको छ । यसलाई रोक्न देशमा गुणस्तरीय शिक्षाको विकास गर्नुपर्छ । देशभित्रै रोजगारीको सिर्जना गर्नुपर्छ ।

**सुशासनको निम्ति सरकारलाई तपाईंको सुझाव के छ ?**

– सबैभन्दा पहिला सुशासन भनेको के हो भन्ने कुरामा प्रष्ट हुनुपर्छ । मन्त्रीहरू मिलेर सरकारको काम गर्ने हो । मन्त्रीले आफूसँग आएको फाइल राम्रोसँग पढ्नुप¥यो । मन्त्री कार्यालयमा नियमित उपस्थित हुनुपर्छ । आफ्नो मन्त्रालयको बारेमा जानकारी राख्नुपर्‍यो । जनताको पक्षमा काम गर्नुपर्‍यो । भ्रष्टाचार गर्न भएन । पहिला मन्त्री आफू ठीक ठाउँमा बसेपछि सबै नकारात्मक काम गर्नेलाई तह लगाउन सकिन्छ । आफू ठीक ठाउँमा नबसेर अरुलाई मात्रै काम लगाएर सुशासन हुँदैन । अहिले सचिवले मन्त्रीलाई टेरेन भन्छन । खै मलाई त सबैले टेरेकै थिए । सुशासनको सवालमा व्यक्तिअनुसार पनि हुन्छ । आफू कार्यालयमा नबसेर अरुलाई काम लगाएर हुँदैन । म मन्त्री हुँदा बिहान ८ बजेदेखि राति ११ बजेसम्म मन्त्रालयमै बसेको छु । त्यसकारण आफू ठालु पल्टिएर अरुलाई मात्रै काम अराएर हुँदैन । मन्त्रीको विभाजन पनि प्रष्ट हुनुपर्छ सुशासनको निम्ति ।

**प्रतिनिधिसभाको सदस्य हुँदा अनुभवसुनाइदिनुस् न ?**

– संसद्को मेरो पुरानै अनुभव छ । यद्यपि अहिले पछिल्लो समयको साढे दुई वर्षको अनुभव हेर्ने हो भने संसद्मा विभिन्न नयाँ राजनीतिक दलको सहभागिता उल्लेख्य छ । पहिलेको तुलनामा अहिले युवाको सङ्ख्या बढेको छ । युवाहरू संसद्मा आएपछि प्रभावकारिता बढ्छ होला भन्ने लागेको थियो । तर संसद्मा रहेका साना वा ठूलो सबैलाई सत्तामै जान हतार हुँदो रहेछ । संसद्ले जुन जोडतोडका साथ काम गर्नुपर्ने हो, त्यसरी काम गर्न सकेको छैन । राजनीतिक दल, सरकार वा सांसद सबैलाई मार्गनिर्देश गर्ने भनेको संविधान, ऐन÷कानुन र नीति नियमनै हो । त्यो कुरालाई जुन ढङ्गबाट अगाडि सरेर लाग्नुपर्ने हो, त्यसमा अलिअलि कमि भएको हो कि जस्तो लाग्छ ।

**तपाईंले आफ्नो निर्वाचन क्षेत्रको निम्ति गर्नुभएको मुख्य मुख्य कामहरू के–के हुन् ?**

– सैद्धान्तिक र वैचारिक एउटा पाटो हो । तर मलाई सिन्धुपाल्चोकका जनताले पार्टीभन्दा पनि मेरो कामको आधारमा मतदान गरेका हुन् । सडकको संरचना व्यापक रूपमा निर्माण भनइकन विकासले गति लिन सक्दैन । म मन्त्री भएपछि विशेष गरी सिन्धुपाल्चोक जिल्लाको एक÷दुईबाहेक अधिकांश सडकमा कालोपत्र भएको छ । अरनिको राजमार्ग २०२२ सालमा बन्यो । २०५६ सालमा त्यो बाटोमा कालोपत्र गर्ने काम मैले नै गरेको हो । म अहिलेसम्म तीन पटक मन्त्री बन्दा सिन्धुपाल्चोकको खानेपानी आयोजना, शिक्षा, स्वास्थ्य, सडक निर्माण, अस्पताल निर्माण, सिँचाइको काम गरेको छु । जनप्रतिनिधि नहुँदा पनि मैले ३२ वर्षसम्म स्वयंसेवकका रूपमा जिल्लाको निम्ति काम गरेको छु । चीनसँगको व्यापारलाई व्यवस्थित गर्ने विषयमा निगत ४० वर्षदेखि काम गर्दै आएको छु ।

**संविधानको कार्यान्वयन र संशोधनको विषयलाई कसरी हेर्नुभएको छ ?**

– संविधानको कार्यान्वयन जति हुनुपर्ने हो, त्यति हुन सकेको छैन । अझै पनि सङ्घीयतासँग जोडिएका शिक्षा, निजामीत र प्रहरीसम्बन्धी कानुन बन्न सकेका छैनन् । संविधान संशोधन सामान्य विषय होइन । दुई तिहाइ मात्रैभन्दा पनि संशोधनलाई सर्वसम्मतिबाट लैजानुपर्छ । सुशील कोइराला प्रधानमन्त्री हुँदा जसरी संविधानमा सबै दलको सहमति भएको थियो, त्यसैगरी अहिले संशोधनमा पनि सबैको सहमति हुन जरुरी छ । संशोधनको सवालमा बहुमत छ भन्दैमा चुरीफुरी गर्न पनि हुँदैन । गर्नैपर्ने विषयमा अर्कोले निहुँ खोजेर बस्न पनि हुँदैन । विरोधको निम्ति विरोध मात्रै गरेर पनि हुँदैन । छलफल गरी सहमतिका आधारमा संविधान संशोधन गर्न सकिन्छ ।

**सङ्घीयतालाई अझै बलियो र सुदृढ बनाउन के गर्नुपर्छ होला ?**

– सङ्घीयता बलियो बनाउन स्थानीय तहलाई बलियो बनाउनुप⁻यो । अहिले स्थानीय तहमा पनि धेरै बिबाद र उल्झन भइरहेका छन् । त्यसैले बलियो मात्रै बनाएर पुग्दैन, पारदर्शीताको पनि विकास गर्नुपर्छ । स्थानीय र प्रदेशलाई अधिकार दिनुपर्‍यो । प्रदेश र स्थानीय तहले कार्यान्वयनको पाटोलाई पनि प्रभावकारी बनाउनुप¥यो । सङ्घीय, प्रदेश र स्थानीय सरकार एकअर्काका पूरक हुन भन्ने ढङ्गले काम गर्नुपर्छ । यी सबै कुरालाई मिलाएर काम गर्न सकियो भने सङ्घीयतालाई बलियो बनाउन सकिन्छ ।

**तपाईंको निर्वाचन क्षेत्र सिन्धुपाल्चोकमा नेपाली कांग्रेसको अवस्था कस्तो छ ?**

– म सिन्धुपाल्चोकको सबै क्षेत्रबाट चुनाव लडिसकेको छु । पहिला मैले त्यहाँको निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित भएको हो । अहिले क्षेत्र नं २ बाट पनि निर्वाचित भएँ । कांग्रेस पार्टीको २०१५ सालमा जमानत जफत भएको जिल्ला हो सिन्धुपाल्चोक । तर त्यसपछि मैले सिन्धुपाल्चोकबाट चुनाव जित्दै आएको छु । कांग्रेसको पहिला कमजोर सङ्गठन भएको जिल्ला हो । पछिल्लो पटक भएको तीनै तहको निर्वाचनमा हामीले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)सँग पनि गठबन्धन नगरिकन कांग्रेसले जितेको छ । वडादेखि प्रतिनिधिसभासम्म सिन्धुपाल्चोकबाट हामी पहिलो पार्टी छौँ । रासस

# कञ्चनजङ्घा हिमाल हेर्न माईजोगमाईमा पर्यटक



**इलाम ।**
विगतका वर्षहरूमा न्यून सङ्ख्यामा पर्यटकको चहलपहल हुने माईजोगमाईमा यतिबेला आन्तरिक तथा बाह्य पर्यटकको उपस्थिति बाक्लिएको छ । कोशी प्रदेश सरकारले २० किलोमिटर फिक्कल–नयाँबजार सडक कालोपत्र गरेपछि आवतजावतमा सहज भएसँगै माईजोगमाईमा पर्यटक पुग्न थालेका हुन् ।‘माइजोगमाई–२ तुम्लिङबाट यसअघिका वर्षहरूमा पनि कञ्चनजङ्घा हिमाल देखिने भए पनि पर्यटकको उपस्थिति कम थियो । तराईबाट कन्याम हुँदै इलाम आएका पर्यटकलाई तुम्लिङ पुग्न सहज सडक थिएन’, गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेबेले भने, ‘कोशी प्रदेश सरकारले सूर्योदय नगरपालिका–९ बरबोटेबाट माईजोगमाईको केन्द्र नयाँबजारसम्म कालोपत्रसहित सुविधासम्पन्न सडक निर्माण गरेपछि यहाँका पर्यटकीयस्थलमा पर्यटकको चहलपहल बढेको छ ।’

उनका अनुसार तीन हजार १०० मिटर उचाइमा रहेको तुम्लिङ पुगेपछि विश्वको तेस्रो अग्लो (८,५८६ मिटर) कञ्चनजङ्घा हिमाल हेर्ने पर्यटकको घुइँचो लाग्न थालेको हो ।

‘हिमाल हेरेरै बसिरहुँ लाग्यो, फुत्त उफ्रिदा हिमाल छोइएलाजस्तो, चिसो हावाको स्पर्श कति आनन्द’, झापाबाट घुम्न आउनुभएका टीकाराम बाँस्तोलाले भने, ‘पहिले व्यवस्थित सडक नभएका समस्या थियो ।

मेची राजमार्गबाट एक घण्टामा अपुगिने रहेछ । यस क्षेत्रमा घुम्ने ठाउँ प्रशस्त छन् ।’तुम्लिङका साथै नयाँबजार, थुम्के, मेग्मा, जौबारी, कालपोखरीलगायत इलामका उत्तरी भेगका लेकाली क्षेत्र नेपाल–भारत सीमामा पर्ने आकर्षक पर्यटकीयस्थल हुन् ।

हिमाल हेर्न, झुल्के घामको दृश्यावलोकन गर्न, लोपोन्मुख वन्यजन्तु रेडपाण्डा हेर्न र औषधीय गुण भएका जडीबुटी खोज्न पाइने भएपछि खोज, अनुसन्धान तथा अवलोकनका लागि नेपालसहित भारत, भुटान, बङ्गलादेशलगायत मुलुकबाट पर्यटक यहाँ आउने गरेका गाउँपालिका अध्यक्ष थेबेले जानकारी दिए ।

प्रदेश सरकारले मेची राजमार्गमा पर्ने सूर्योदय नगरपालिकाको फिक्कल बजारबाट माईजोगमाईको केन्द्र नयाँबजारसम्म जोडिने २० किमी सडक स्तरोन्नति र कालोपत्र गरेपछि यात्रा सहज भएकाले पर्यटक भित्रिने क्रम वृद्धि भएको उनले बताए ।

‘सडक बनेपछि यात्रा गर्न सजिलो भएको छ, तराईबाट आउने पर्यटक कन्याम, फिक्कल हुँदै सिधैँ नयाँबजार आएर हिमाल हेर्न, रेडपाण्डाबारे बुझ्न र जडीबुटी खोजी गर्न तुम्लिङतर्फ गर्नुभएको छ’, उनले भने । जैविक विविधताले भरिएको माईजोगमाई प्रचारप्रसारको अभावमा ओझेल परेपछि गाउँपालिकाले पर्यटन प्रवद्र्धनको काम सुरु गरेको अध्यक्ष थेबेले उल्लेख गरे ।

पर्यटकीयस्थललाई प्रवद्र्धन गर्न ‘टुरिज्म एप’ सञ्चालनमा ल्याइएको पालिकाका उपाध्यक्ष प्रवीना राईले जानकारी दिए । ‘एपमा यहाँका पर्यटकीयस्थल समेटेर सूचना राखिएका छन’, उनले भने, ‘त्यसका साथै कृषि, धार्मिक, सांस्कृतिक एवं यहाँका पुरातात्विक सम्पदाका विषयम पनि समावेश छन् ।’

देशविदेशमा बसेर पनि माईजोगमाईमा कहाँ–कहाँ पर्यटकीय क्षेत्र छन् भन्नेबारे जानकारी लिन सकियोस् भन्ने उद्देश्यले एप सार्वजनिक गरिएको उनले उल्लेख गरे ।

यहाँस्थित थुम्केरानीबाट झुल्के घामका साथै १० वटै स्थानीय तह, भारतका विभिन्न ठाउँ र तराईका फाँटको दृश्यावलोकन गर्न सकिन्छ । पर्यटकले गाउँपालिकाको केन्द्र नयाँबजारबाट थुम्केरानी, जौबारी, तुम्लिङ, टङ्लु, मेग्मासम्मको पैदलयात्रा गर्छन् । जङ्गल सफारी र दुर्लभ रेडपाण्डाको अवलोकन पर्यटकका लागि यहाँ थप आकर्षक बनेका छन् ।

विश्वको तेस्रो अग्लो हिमशृङ्खला, दुर्लभ वन्यजन्तु रेडपाण्ड, एसियाको दोस्रो पुरानो मेग्मा गुम्बा अवलोकन गर्न सकिने नयाँबजारका पर्यटन व्यवसायी देवी अधिकारीले बताए । उनका अनुसार माईजोगमाई–२ र ६ को सङ्गमस्थलमा पर्ने थुम्के डाँडामा पछिल्लो समय पर्यटकको चहलपहल बढ्दै गएको हो ।

लेकाली जीवजन्तुको अवलोकन, सूर्योदयको मनोरम दृश्यले भरिएको यस क्षेत्रमा दैनिक सयौँको सङ्ख्यामा पर्यटक पुग्ने गरेका गाउँपालिका अध्यक्ष थेबेले जानकारी दिए । थुम्के र जौबारीमा गरिएको केसरखेतीले पर्यटकलाई तान्न थालेको छ । पालिकाको थुम्केसहित माथिल्लो लेकाली क्षेत्रको विस्तृत अध्ययन गरी पर्यटन पूर्वाधारका काम थालिएको उनले बताए ।

पालिकामा उत्तरे पोखरी, शिव मन्दिर बौद्धगुम्बासहित विभिन्न देवस्थलसहितका धार्मिक पर्यटकीयस्थल पनि छन् । पर्यटन पूर्वाधारका काम केही भएका छन् भने बाँकी निर्माणाधीन रहेका थेबेको भनाइ छ । ‘भगवान् गौतमबुद्धको सालिक, गणेशको मूर्ति, राजा यलम्बरको सालिक र लोपोन्मुख वन्यजन्तु रेडपाण्डाको मूर्ति बनिएका छन’, उनले भने ।

पाँच सय ६१ मिटरबाट तीन हजार १०० मिटरसम्मको उचाइमा माईजोगमाईको भूगोल पर्दछ । यो क्षेत्र कृषि उत्पादनको उर्वर भूमि भएकाले कृषि पर्यटनलाई विकास गर्ने पालिकाको तयारी छ । धान, अलैँची, आलु, किवी, केसर, चिराइतोलगायत खेतीका साथै उच्च हिमाली जडीबुटी पाइने भएकाले आर्थिक समृद्धि हासिल गर्ने यात्रामा पालिका अघि बढेको पालिकाका उपाध्यक्ष राईले बताए । उनका अनुसार यस क्षेत्रमा ऐतिहासिक जौबारी बजारसहित मुलुकको ठूलो आलु विकास केन्द्र पनि छ । रासस

# संरचनात्मक सुधारमा सरकार कठोर होस्, प्रमुख प्रतिपक्षी दलको समर्थन रहन्छः पूर्वअर्थमन्त्री शर्मा

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता जनार्दन शर्माले चालु खर्च घटाउँदै संरचनात्मक सुधारमा ध्यान दिन सरकारलाई सुझाव दिएका छन । प्रतिनिधिसभाको बुधवारको बैठकमा आव २०८२/०८३ को लागि विनियोजन विधेयकमा सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा भाग लिँदै उनले अर्थतन्त्रको संरचनात्मक पुनःसंरचनामा जोड दिए । ‘जनअपेक्षा पूरा गर्ने स्रोत हामीसँग छैन, त्यो स्रोत कहाँबाट ल्याउने ? बजेटको ६५ प्रतिशत चालु खर्च जाने गरेको छ । बाँकी पूँजीगत खर्च हो, त्यो पनि खर्च हुँदैन, चालु खर्चलाई ३५ प्रतिशतमा झार्ने गरी आओस् हाम्रो समर्थन हुन्छ’, पूर्वअर्थमन्त्री शर्माले भने, ‘त्यसका लागि संरचनागत पुनःसंरचना आवश्यक छ । राजनीतिक र प्रशासनिक खर्च घटाउनुपर्छ ।’

मुलुकले आर्थिक पुनःसंरचना खोजिरहेको उल्लेख गर्दै नेता शर्माले त्यसका लागि राष्ट्रिय वहस र राष्ट्रिय सहमति आवश्यक भएको बताए ।

‘विनियोजित बजेटबाट परिणाम हासिल गर्न संरचनागत सुधार बाधक बनिरहेको छ’, उनले भने, ‘संरचनागत सुधारमा सरकार कठोर ढङ्गबाट प्रस्तुत होस्, यसमा माओवादीको समर्थन हुन्छ ।’

बजेट आम्दानी र खर्चको फाँटबारी मात्रै नभएर देशको समृद्धि, सामाजिक न्याय, असमानता अन्त्य गर्ने दस्तावेजका रुपमा प्रस्तुत हुनुपर्नेमा उनको जोड छ । मुलुकका विभिन्न भागमा भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणका लागि बजेट विनियोजन गर्न सरकारलाई सुझाव दिँदै उनले जनजीविकाका सबाल सम्बोधन गर्ने र व्याप्त निराशा चिर्ने गरी अघि बढ्न सरकारलाई आग्रह गरे । पूर्वअर्थमन्त्री शर्माले डिजिटल शैक्षिक प्रणाली, स्वास्थ्य बीमाको आकार र दायरा वृद्धि, सातै प्रदेशमा एक÷एक लाखलाई उन्नत तालिम प्रदान, कृषिमा लगानी वृद्धि गरी रोजगारी सिर्जना, खानेपानी र ग्रामीण सडकको जिम्मेवारी समुदायमा हस्तान्तरण गर्न सुझाव दिए । तुलनात्मक लाभका क्षेत्र पहिचान गरेर बजेटमा विशेष व्यवस्था गर्न आग्रह गर्दै उनले फलाम उत्खनन् गरेर आत्मनिर्भर हुन सकिने बताए । आगामी दशक पानीको बहुआयामिक प्रयोग र जलाशययुक्त आयोजना निर्माणको दशक बनाउन आह्वान गर्दै नेता शर्माले भने, ‘कर्णाली चिसापानीमा विदेशी ऋण लिऔँ, हुम्ला कर्णाली र मुगु कर्णालीमा विप्रेषण खर्च गरौँ, माथिल्लो अरुणमा जनताको लगानी गरौँ ।’रासस

# घुम्टोमा घण्टाघरः मर्मतसम्भार शीघ्र पूरा गर्न वीरगंजवासीको माग

**वीरगंज ।**
वीरगंजको प्रतिष्ठाको प्रतीक यहाँको घण्टाघरको केही भाग भत्किएको तीन महिना बित्न लागेको अब केही दिनमात्र बाँकी छ । तर, मर्मतसम्भार पूरा भएको छैन । गत फागुन ७ गते भत्किएको घण्टाघरको 'बाल्कोनी' मर्मतसम्भार चाँडोभन्दा चाँडो सम्पन्न गर्न वीरगंजवासीले माग गरेका छन् । वीरगंज आउने स्वदेशी तथा विदेशी पर्यटकको मुख्य आर्कषण घण्टाघर घुम्टोमा छ । मर्मतसम्भारको नाममा यसलाई छोपिएको छ । यहाँ घुम्न आउने पर्यटक यस्तो दृश्यबाट खिन्न भएका छन् । वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले घण्टाघरको संरचना जीर्ण भएकाले पनि मर्मतसम्भारका लागि केही बढी समय लागेको जानकारी ए । 'घण्टाघरको पुरानो संरचना भएकाले मर्मतसम्भारमा केही बढी समय लागेको हो', उनले भने, 'हामीले घण्टाघरको संरचना मर्मतसम्भार शीघ्र पूरा गर्न व्यवसायीलाई पनि ताकेता गरिरहेका छौँ ।' वीरगंज महानगरपालिका पूर्वाधार महाशाखाका इन्जिनियर गौरव झाले घण्टाघरको बाल्कोनीमा अकासे पानीको उचित निकास नहुँदा घामपानीले बाल्कोनीमा



क्षति पुर्याएको जानकारी दिए । 'घामपानीले पनि घण्टाघरको बाल्कोनीमा 'क्र्याक' आइसकेको रहेछ । घण्टाघरमा उठाइएको पर्खालको इँटा पनि खस्न थालिसकेको रैछ', उनले भने, 'हामीले घण्टाघरको 'कोर बिल्डिङ' नभएर बाल्कोनीको छानालाई फुटाएर फेरि मर्मतसम्भारको काम अघि बढाइरहेका छौँ ।' इनिजनियर झाले घण्टाघरमा देखिएको समस्या पहिचान र लागत 'इष्टिमेट' तयार पार्नका लागि केही समय लागेको बताए । 'घण्टाघरमा भएको क्षतिको विवरण सङ्कलन र समस्या पहिचान गर्न पनि केही समय लाग्यो । त्यसपछि क्षतिपछि मर्मतसम्भारका लागि लागत इष्टिमेट तयार पार्न पनि केही समय लागेको नै हो', उनले भने, 'मर्मतसम्भारका लागि आवश्यक पर्ने 'स्काफोल्डिङ' बाँध्नका लागि पनि केही थप समय लाग्यो । उचाइमा भएको ठाउँमा काम गर्ने दक्ष प्राविधिक र जनशक्ति खोज्न पनि केही अप्ठ्यारो भएको थियो ।' इन्जिनियर झाले अहिले घण्टाघरको मर्मतसम्भारका काम अघि बढिरहेको दाबी गरे । 'घण्टाघरको अहिले ५० देखि ६० फिटको उचाइमा काम भइरहेको छ', उनले भने, 'हामीले सोभन्दा मुनिको संरचनालाई पनि जोगाएर मर्मतसम्भारको काम गर्नुपरेको छ । माथि मेसिन वा द्रुतगतिमा काम गर्दा पनि तल्लो संरचनामा क्षति हुने सम्भावना उच्च भएकाले पनि काम ढिलो भएजस्तो देखिएको हो ।' इन्जिनियर झाले घण्टाघरको मर्मतसम्भारको काम सक्न अझै डेढ महिनाभन्दा धेरै समय लाग्ने दाबी गरे । 'घण्टाघरको बाल्कोनीमा राखिएका छड खिया लागेर क्षति भएको छ', उनले भने, 'क्षति भएका छडलाई हटाएर नयाँ छड राखेर मर्मतसम्भार गर्न आवश्यक देखिएको छ ।' उनले भने, 'घण्टाघरको बाल्कोनीमा आकाशबाट खसेको पानीको उचित निकासको व्यवस्था नहुँदा पानी चुहिने समस्या देखिएको छ । सोको पनि उचित व्यवस्थापनको काम भइरहेको छ ।' महानगरले विगत डेढ महिनादेखि घण्टाघरमा स्काफोल्डिङ (खट बाँध्ने, टेका लगाउने) लगायतका काम गरेको थियो । अर्को तर्फ घण्टाघर क्षेत्रमा अत्यधिक सवारीसाधनको चाप हुने भएकाले पनि घण्टाघरलाई चारैतर्फबाट छोपेर काम भइरहेको छ । इन्जिनियर झाले घण्टाघर मर्मतसम्भारको काम जटिल भएकाले पनि केही बढी समय लागेको बताए । घण्टाघर मर्मतसम्भार २० लाखको लागतमा निर्माण गर्न लागिएको हो । वीरगंज महानगरले २०८२ असार १० गतेसम्म निर्माण सम्पन्न हुनेगरी ठेक्का लगाएको छ । वीरगंजको घण्टाघर सन् १९७९ फरबरी ८ तारिखमा तयार भएको बताइन्छ । त्यो बेला जापानको योनागो शहरका विद्यार्थीको एकदिनको खाजाको पैसा कटाएर घण्टाघर र त्यहाँ घडी राख्न आवश्यक बजेटको प्रबन्ध मिलाइएको स्थानीय ज्येष्ठ नागरिकहरुको कथन छ । गत चैत २७ गते नेपालका लागि जापानका राजदूत माएदा तोरु पनि वीरगंज आउँदा घण्टाघरबारे चासो व्यक्त गरेको महानगरपालिकाका अधिकारीहरुले बताएका छन् । रासस

# प्रविधिको प्रभावकारी प्रयोगमा मुख्यमन्त्री सिंहको जोड




**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अहिलेको समयलाई सूचना तथा सञ्चार प्रविधिको युग भन्दै विज्ञान र प्रविधिलाई आधुनिक युगको अनिवार्य आवश्यकता भएको बताएका छन् । बुधबार बर्दिवासमा सम्पन्न 'डिजिटल मधेश कन्क्लेभ–२०८२' को उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले भने, 'प्रविधिको प्रभावकारी प्रयोगमार्फत अनुसन्धान, नवप्रवर्तन र व्यवसायमा आधारित समृद्ध विकास सम्भव छ । समाजमा सकारात्मक रूपान्तरण ल्याउने विज्ञान तथा प्रविधिको सम्भावनालाई राज्य र निजी क्षेत्रले मिलेर उपयोग गर्नुपर्छ ।' मुख्यमन्त्री सिंहले सरकार र निजी क्षेत्रबीच सहकार्य बलियो बनाउँदै डिजिटलाइजेसनलाई प्रदेश विकासको आधारस्तम्भ बनाउने प्रतिबद्धता पनि व्यक्त गरे । गृह, सञ्चार तथा कानून मन्त्रालयको आयोजनामा सम्पन्न उक्त सम्मेलनमा आइसिटी फाउन्डेसन नेपाल र क्यान महासंघ मधेश प्रदेश सहआयोजकको रूपमा सहभागी थिए । 'फोस्टरिङ डिजिटलाइजेसन एण्ड डेभलपमेन्ट' भन्ने मूल नारामा आधारित सम्मेलनमा प्रदेशको डिजिटल पूर्वाधार, अवसर, चुनौती र नीति निर्माणको दिशामा व्यापक छलफल र प्रस्तुति गरियो ।
कन्क्लेभका विभिन्न सेसनहरूमा सूचना प्रविधि क्षेत्रका अग्रणी विशेषज्ञहरूले निम्न विषयमा प्रस्तुति तथा अन्तरक्रिया गरे । सत्रहरूमा नीति निर्माणमा संलग्न अधिकारीहरू, प्रविधिमा आधारित उद्यमी, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता देखिएको थियो । कार्यक्रममा सहभागी सरोकारवालाहरूका अनुसार यो पहिलो पटक प्रदेशस्तरमा भएको डिजिटल कन्क्लेभले मधेशको प्रविधि–मैत्री नीति निर्माण, बजेटमा डिजिटल क्षेत्रलाई प्राथमिकता दिन र सरकारी सेवाहरूलाई डिजिटल माध्यमबाट जनताको पहुँचमा पुऱ्याउन मार्गदर्शन गर्नेछ । कन्क्लेभको आयोजनालाई एक कोशेढुंगाको रूपमा लिँदै सहभागीहरूद्वारा आगामी वर्षको नीति, कार्यक्रम र बजेटमा सूचना प्रविधिलाई प्राथमिक क्षेत्रको रूपमा पहिचान गर्न जोड दिइएको छ ।

# नक्कली चिट्ठीको आधारमा योजना कार्यादेशको आरोप

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको रामनगर गाउँपालिका अन्तर्गत शिक्षा विकास ईकाईको कार्यालय घेराउ गरेर प्रदर्शन गरिएको छ । नेकपा माओवादी केन्द्रका युवा नेता एवम् रामनगर गाउँपालिकाका अध्यक्ष राजाबाबुको नेतृत्वमा भएको प्रदर्शनमा स्थानीयले शिक्षा विकास कार्यमा भएको अनियमितता र रकमी चलखेलको विरोध जनाएका छन् ।
प्रदर्शनकर्ताले कार्यालय प्रमुख समृद्धि साहको कार्यशैली र शिक्षा मन्त्री रानी शर्मा विरुद्ध नाराबाजी गर्दै कार्यालय अगाडि प्रदर्शन गरेका थिए । उनीहरूले वडा नं. ६ का बागमती माध्यमिक विद्यालयको ३० लाख र वडा नं. ७ का मनुश्यमारा प्राथमिक विद्यालयको ४० लाखको भवन निर्माण योजनामा नक्कली चिट्ठीको आधारमा



कार्यादेश दिइएको आरोप लगाएका छन् । गत फागुन १३ गते फेकु राय नामक एक व्यक्तिले योजनाको चिट्ठी लिई उपभोक्ता समिति गठन गरेर शिक्षा विकास ईकाईको कार्यालयमा पेश गरेका थिए । उक्त चिट्ठीमा रकमी चलखेलका माध्यमबाट योजनाको कार्यादेश दिइएको भन्ने आरोप लगाइएको छ । कार्यालय प्रमुख समृद्धि साहले योजना कार्यादेशको लागि सम्झौतामा हस्ताक्षर गर्न समय धकेल्न थालेका थिए । यसकारण फेकु रायलाई समस्या उत्पन्न भएको थियो । गाउँपालिका अध्यक्ष यादव र फेकु रायले उक्त विषयमा कार्यालय प्रमुखसँग संपर्क गर्दा प्रमुख साहले कार्यालयमा उपस्थित हुन छोडेका थिए । यो अवस्थाले गर्दा योजना कार्यमा ठूलो ढिलाइ भएको छ र स्थानीयको आक्रोश झन् बढेको छ । प्रदर्शनकर्ताले कार्यालय प्रमुख समृद्धि साह र शिक्षा मन्त्री रानी शर्माको राजीनामा माग गर्दै 'कार्यालय प्रमुख मुर्दाबाद', 'शिक्षा मन्त्री रानी शर्मा मुर्दाबाद' का नारासहित विरोध जनाएका थिए । यस विषयमा बुझ्नका लागि कार्यालय प्रमुख समृद्धि साहसँग बारम्बार सम्पर्क प्रयास गरिएको थियो । तर, उनले फोन उठाएनन् । कार्यालयका प्राविधिक र प्रशासनिक कर्मचारीहरुले भने फेकु रायले पहिला योजनाको चिट्ठी सहित उपभोक्ता समिति गठन गरेर पेश गरेको कुरा पुष्टि गरेका छन् । गाउँपालिका अध्यक्ष यादवले भने, 'यो समस्या समाधानका लागि शुक्रवारसम्मको अल्टिमेटम दिइएको छ । यदि समस्या समाधान नगरेको खण्डमा हामी चरम प्रदर्शनको बाटोमा जानेछौं ।' प्रदर्शनकारीहरुले आगामी दिनमा थप आन्दोलनको योजना बनाएका छन् । यस समस्यालाई समाधान नगरेको खण्डमा गाउँपालिकामा अनिश्चितकालीन बन्दको चेतावनी समेत दिएका छन् ।

# सप्तरीको डाक्रेश्वरी नगरपालिकाका सातसहित आठ जनाविरुद्ध विशेष अदालतमा मुद्दा

**मनोज माझी**
**सप्तरी ।**
सप्तरीको डाक्रेश्वरी नगरपालिकामा रहेको १० वटै वडामा भएको उच्चस्तरीय पोललाईट जडान कार्यमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख प्रशासकीय अधिकृत रामकिसुन यादवसहित ८ जनाविरुद्ध बुधबार विशेष अदालतमा आरोपपत्र दायर गरेको छ । आरोपपत्रमा समेटिएका मध्ये ७ जना कर्मचारी र एक जना निर्माण कम्पनीका प्रोपराईटर रहेका छन् । आर्थिक बर्ष २०७८÷०७९ मा उक्त पालिकामा विजुलीको पोलमा उच्च स्तरीय पोललाईट जडान कार्यमा कमसल खालको स्ट्रीटलाईट खरिद गरि फर्जि बिल बनाई भ्रष्टाचार गरेको भन्दै ८ जनाविरुद्ध आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जनाएका छन् । अख्तियारद्वारा उक्त पालिकाका प्रमुख प्रशासकीय अधिकृत यादवका साथै ईन्जिनियर कुलानन्द बिराजी, ईन्जिनियर रामाकान्त चौधरी, सव–ईन्जिनियर संजय कुमार यादव, योजना शाखाका शाखा अधिकृत विनोद कुमार ठाकुर, लेखापाल अनिता परियार र योजना शाखामा सहायकस्तर पाँचौं तहमा कार्यरत निकिता चौधरीविरुद्ध आरोपपत्र दायर गरिएको छ । यस्तै उक्त निर्माण कार्यमा



संलग्न रहेका जि.एस. निर्माण सेवा र कम्पनीका प्रोपराइटर विजय कुमार यादवविरुद्ध पनि अख्तियारद्वारा विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ । आरोपपत्रमा २०७८÷०७९ मा नगरका सम्पूर्ण वडामा १४८ थान एलइडी स्ट्रीटलाइट जडान कार्यका लागि ४८ लाख २४ हजार ८ सय ७४ कबोल अंक भएको खरीद प्रक्रियामा सार्वजनिक खरीद ऐन, नियम र कार्यविधी विपरीत ठेकेदारसँगको बदनियतपूर्ण मिलोमतोमा आफूहरुलाई गैरकानूनी लाभ र नगरपालिकालाई हानी पुऱ्याउने काम भएको उल्लेख गरिएको छ । उक्त कार्यको गलत कार्य सम्पन्न प्रतिवेदन तयार गरि ३ लाख ९२ हजार २ सय निर्माण व्यवसायीलाई भुक्तानी भएको तथा लागत अनुमान तयार गर्दा अस्वभाविक मुल्य राखेको पाइएकोले मुल्य भन्दा बढी भुक्तानी भएको २१ लाख १२ हजार ३ सय ३० समेत गरी कूल २५ लाख ४ हजार ५ सय ३० रुपैयाँ हानी नोक्सानी भएको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा १ बमोजिम कारवाही गर्न आरोप पत्रमार्फत मागसमेत गरिएको छ । एकैसाथ सात जना कर्मचारी निलम्बनमा परेपछि सो नगरपालिकामा अहिले हल्लीखल्ली मचेको छ ।

# तेस्रो जनकपुरधाम मेयर कपः बारा र लखनउ सेमिफाइनलमा प्रवेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा जारी तेस्रो मेयर कप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत बुधबार भएका दुई रोमाञ्चक खेलमा बारा र भारतको लखनउ टोलीले शानदार प्रदर्शन गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेका छन् । बारा टोलीले भारतको दिल्लीलाई १०१ रनको ठूलो अन्तरले पराजित गर्दा लखनउले रौतहटलाई ५ विकेटले हराउँदै अन्तिम चारमा आफ्नो स्थान पक्का गरेको हो । बुधबारको पहिलो खेलमा रौतहटले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको थियो । तर, रौतहटको इनिङ्स निकै कमजोर रह्यो । टोलीले १७.२ ओभरमा ६५ रनमा सबै विकेट गुमायो । सन्नी साहले २८ बलमा २० रन बनाउँदै केही समय क्रिज सम्हाले पनि अन्य ब्याटरले निराशाजनक प्रदर्शन गरे । लखनउको बलिङ निकै धारिलो रह्यो । अशमित मिश्रले ४ ओभरमा १९ रन दिँदै ३ विकेट लिए ।



उनलाई म्यान अफ द म्याच घोषित गरियो । शुभम यादव, सुमित पाठक र मनिष सिंहले समान २–२ विकेट लिए भने शिव सिंहले १ विकेट लिए । ६६ रनको लक्ष्य पछ्याउने क्रममा लखनउले १२.३ ओभरमा ५ विकेटको क्षतिमा ६८ रन बनाउँदै खेल जित्यो । लखनउका अंकित सिंहले ११ बलमा २० रन र मनीष सिंहले २२ बलमा अविजित १८ रन बनाउँदै टोलीलाई जितसम्म पुर्याए । रौतहटका बलर राजेश यादव र आशिक बैठकले समान २–२ विकेट लिएका थिए । यस जितसँगै लखनउले ग्रुप 'सी' बाट सिरहा र रौतहटलाई पराजित गर्दै ४ अंकसहित शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा प्रवेश गऱ्यो । बुधवारको दोस्रो खेलमा बारा र दिल्लीबीच प्रतिस्पर्धा भयो । टस हारेर पहिले ब्याटिङ गरेको बाराले विवेक यादवको विस्फोटक प्रदर्शनको बलमा २० ओभरमा २१७ रन बनायो । विवेकले ५३ बलमा ७ छक्का र ८ चौकाको मद्दतले १०४ रन बनाएका थिए । पवन श्राफले १४ बलमा ३१ रन, आदिल अन्सारीले २० बलमा ३३ रन, तृत दासले १२ बलमा १९ रन र साहिल पटेलले ११ बलमा १५ रन बनाएर बारा टोलीको स्कोर मजबुत बनाएका थिए । दिल्लीका बलर आदित्य सिन्हाले ह्याट्रिक सहित ४ विकेट लिए भने रोहित त्रिपाठी, वैभव मिश्र र राहुल द्विवेदीले समान १–१ विकेट लिएका थिए । २१८ रनको विशाल लक्ष्य पछ्याउने क्रममा दिल्ली टोली १९.३ ओभरमा ११६ रनमै समेटियो । दिल्लीका विवास यादवले ३५ बलमा ५३ रन बनाए पनि अन्य खेलाडीहरूले सहयोग गर्न नसकेपछि टोली हार्न बाध्य भयो । बाराको तर्फबाट साहव आलमले ४ विकेट, अर्निको यादवले ३ विकेट, पवन श्राफले २ विकेट र भुलावन सहनीले १ विकेट लिएर दिल्लीको पारीलाई ध्वस्त पारे । बुधवारको खेलपछि बारा र लखनउ दुबै टिमले आफ्नो समूहमा शीर्ष स्थान हासिल गर्दै सेमिफाइनल यात्रा तय गरेका छन् । विवेक यादवको सानदार शतक र अशमित मिश्रको उत्कृष्ट बलिङले दुवै टिमलाई जित दिलाउन महत्वपूर्ण भूमिका खेले । अब सेमिफाइनलमा यी टिमले अन्य समुहका विजेतासँग प्रतिस्पर्धा गर्दै उपाधि यात्राको अर्को पाटो तय गर्नेछन् । आयोजक जनकपुरधाम उपमहानगरपालिकाले आयोजना गरेको यो प्रतियोगिता स्थानीय क्रिकेट प्रतिभालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा ल्याउने उद्देश्यसहित सञ्चालन गरिएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन